का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ कात्तिक २०८२
मंगलबार
28 October 2025
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

डीपर हेर्नु

वर्ष २३, अंक २५७ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




# छानबिनमा एनजिओ आइएनजिओको कारोबार

**जेनजी आन्दोलनमा गैरसरकारी संस्थाका पोसाक लगाएर केही व्यक्ति उपस्थित भएका थिए । २७ भदौमा प्रधानमन्त्री कार्कीको शपथमा केही संस्थाका प्रतिनिधि पोसाकसहित पुगेका थिए । यस्ता गतिविधिलाई लिएर कतिपयले सरकार गठनमा समेत दातृ निकायको भूमिका छ भनेर टिप्पणी गर्ने गरेका छन् ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० कात्तिक

नेपालमा सञ्चालित गैरसरकारी संस्था (एनजिओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजिओ)को कारोबारमाथि छानबिन हुने भएको छ । २३ र २४ भदौको जेनजी आन्दोलनमा अन्तर्राष्ट्रिय दातृ निकायको समेत संलग्नता रहेको कतिपयले आरोप लगाइरहेका छन् । यस्तोबेला जेनजी आन्दोलनका घटनाबारे न्यायिक जाँचबुझ गर्न गठित आयोगले एनजिओ र आइएनजिओको कारोबारको विवरण मागेर केलाउँदै छ ।

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले विगत एक वर्षमा नेपालमा गैरसरकारी संस्थाहरूले प्राप्त गरेको सहायता र खर्चको विवरण माग गरेको हो ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले निकटस्थलाई बताएअनुसार 'आयोगमा उजुरी परेका कारण अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थामार्फत एक वर्षको अवधिमा भएको खर्च विवरण माग गरिएको हो ।' आयोगले मागेपछि समाज कल्याण परिषद्ले पनि विवरण उपलब्ध गराउन थालेको छ ।

जेनजी आन्दोलनपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली अपदस्थ भए । त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री भइन् । २७ भदौमा कार्कीले प्रधानमन्त्रीको शपथ लिँदा केही गैरसरकारी संस्थाका प्रतिनिधि नामसहितको पोसाक लगाएर पुगेका थिए । जेनजी आन्दोलनमा समेत गैरसरकारी संस्थामा कार्यरत संस्थाको पोसाक लगाएर उपस्थित भएका थिए । यी गतिविधिलाई लिएर कतिपयले सरकार गठनमा समेत एनजीओ/आइएनजिओको सम्बन्ध रहेको भनेर समेत टिप्पणी गरेका छन् । यहीबेला आयोगमा पनि उजुरी पर्‍यो र उजुरीका आधारमा आयोगले एनजिओ र आइएनजिओले प्राप्त गरेका अनुदान र खर्चको विवरण माग गरेर त्यसमाथि समेत अनुसन्धान गर्न लागेको हो ।

आयोगका अधिकारीहरूका अनुसार जेनजी आन्दोलनमा विभिन्न संस्थाका व्यक्ति संलग्न हुन सक्ने विषयलाई नकार्न सकिँदैन । तर आरोप लागेको जस्तो एनजिओ र आइएनजिओमा आएका पैसा आन्दोलनमै खर्च भएको छ वा छैन भन्ने हेर्नका लागि कारोबारको विवरण माग गरिएको हो । गैरसरकारी संस्थाहरूको

पृष्ठ २ मा

उजुरी परेका कारण अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरुमार्फत एक वर्षको अवधिमा भएको खर्च विवरण माग गरिएको हो ।



■ **गौरीबहादुर कार्की**
**अध्यक्ष, जाँचबुझ आयोग**

संवादमा माओवादी–समाजवादी

# एकताबाट टाढिए विप्लव



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० कात्तिक

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी एकताको संवादबाट टाढिएको छ । समाजवादी मोर्चामा रहेका दलहरूबीच एकताको प्रयास भइराखेका बेला विप्लव नेतृत्वको नेकपाले आफ्नै ढंगले संघर्षका कार्यक्रम अगाडि बढाएको छ ।

नेकपाले यही कात्तिक २० गते काठमाडौंमा बृहत् आमसभामा राखेको छ । सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत विप्लवले स्वाधीनता र समाजवादका पक्षमा उभिन आह्वान नै गरेका छन् ।

नेपाललाई अरूले नभई आफैंले फेर्ने हो भन्दै उनले जब भ्रष्ट, कमिसनखोर, तस्कर समाप्त हुन्छन् तब देशले आत्मसम्मानसहित उन्नति हासिल गर्ने उनको भनाइ छ । 'नेपाललाई अरूले होइन हामी आफैंले फेर्ने

पृष्ठ २ मा



माओवादी केन्द्र र समाजवादी चाहिँ एकतातिर जान खोजेको देखिन्छ । त्यो राम्रै हो शुभकामना दिएका हौं ।

■ **भरत सी**
**नेता**
**नेपाल कम्युनिस्ट पार्टी**

# कांग्रेसमा फुटको त्रास



निर्वाचन हुने भए पार्टी त्यसतर्फ केन्द्रित हुनुपर्ने हुँदा पार्टीको महाधिवेशन चुनावपछि नै गर्नु उपयुक्त हुन्छ । बैठकले विशेष महाधिवेशनमा होइन नियमित महाधिवेशनकै मिति तय गर्छ ।

■ **प्रकाशशरण महत**
**प्रवक्ता**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० असोज

१५औं महाधिवेशनको पूर्वसन्ध्यामा नेपाली कांग्रेसमा 'वारपार'को संकेत देखिएको छ । पार्टीको विधानबमोजिम यही मंसिरको अन्तिममा वडादेखि केन्द्रीय समितिसम्मको चारवर्षे कार्यकाल सकिँदै छ ।

कार्यकाल सकिनासाथ अवैधानिक हुने कांग्रेस केन्द्रीय समितिको कार्यकाल केही समय थपेर महाधिवेशनको तयारी गर्ने संस्थापन पक्षको योजनाप्रति संस्थापनइतर नेताहरू आक्रोशित छन् । असन्तुष्ट पक्ष मंसिरमै महाधिवेशन गर्ने वा विशेष महाधिवेशन बोलाउने पक्षमा छ । जबकि संस्थापन पक्षले विशेष महाधिवेशन नभई २०८३ वैशाखमा नियमित महाधिवेशन गर्ने तयारीमा लागेको नेताहरूले दाबी गरेका छन् ।

संस्थापनले विशेष महाधिवेशन अस्वीकार गर्दै नियमित महाधिवेशनसमेत लम्ब्याउने भएपछि इतर पक्षका नेताहरू महाधिवेशन प्रतिनिधिहरूको विशेष भेलामा जुटेका छन् । पार्टीको आगामी बैठकको निर्णय हेरेर विशेष महाधिवेशनका लागि भेला बोलाउने तयारी भएको इतर पक्षका नेताहरूले बताए । यसले पार्टी फुटको संघारमा जान सक्ने कतिपय नेताहरूले चिन्ता व्यक्त गरेका छन् । १४औं महाधिवेशनमा शेरबहादुर देउवासँग सभापतिमा पराजित नेता डा. शेखर कोइराला मंसिरमा महाधिवेशन भए विशेष महाधिवेशनको एजेन्डाले समेत पूर्णता पाउने बताउँछन् । 'अहिले ५४ प्रतिशतको हस्ताक्षरसहित विशेष महाधिवेशनको माग भइसकेको छ । मंसिरभित्रै नियमित महाधिवेशन भए विशेषको एजेन्डा सम्बोधन हुन्छ,' उनले भने, 'तर नियमित महाधिवेशनको कार्यतालिका आएन, विशेष महाधिवेशन पनि बोलाइएन भने हस्ताक्षर गरेकाहरूले भेला बोलाउँछन् । त्यसले पार्टी विभाजनको जोखिम बढाउँछ । यसलाई संस्थापन पक्षले गम्भीर भएर सोच्नुपर्छ ।'

असोज २८ बाट थालेको केन्द्रीय समितिको बैठक चाडपर्वका नाममा स्थगन छ । सोही बैठकले महाधिवेशनको मिति तोकेर आवश्यक तयारी थाल्ने विश्वासमा रहेका शेखर-गगन थापा समूहका लागि संस्थापन पक्षले २ साताका लागि बैठक सारेर झड्का दिएको छ । यसबाट संस्थापनइतर समूह समयमै महाधिवेशन हुनेमा सशंकित छ । जेनजी आन्दोलनको बलमा राजनीतिक सरकार ढलेर गठन भएको नागरिक सरकारले फागुन २१ का लागि प्रतिनिधि सभाको चुनाव घोषणा गरी आवश्यक तयारी अघि बढाएको छ । यही अवस्थामा चुनावमा जाँदा नयाँ नेतृत्वसहितको योजना लिएर जनतामाझ जानुपर्ने संस्थापनइतर पक्षको जोडबल छ । जसअनुसार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले मंसिरमै महाधिवेशन

पृष्ठ २ मा



मंसिरमा नियमित महाधिवेशन नभएर वैधानिक व्यवस्थाअनुसार महाधिवेशन प्रतिनिधिको आह्वानमा विशेष महाधिवेशन भनेका हौं । यसको विकल्प खोजिए महाधिवेशन प्रतिनिधिहरुको भेलाबाट पार्टीले विधानअनुसार नै आफ्नो गति लिन्छ ।

■ **गुरूराज घिमिरे**
**नेता**

**वैदेशिक रोजगार विशेष**

# जापानको एसएसडब्लु माग प्रमाणीकरण सुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० कात्तिक

जापानस्थित नेपाली राजदूतावासले निश्चित सीपयुक्त श्रमिक (एसएसडब्लु) अन्तर्गतका मागपत्र प्रमाणीकरण सुरु गरिएको बताएको छ । नेपाली राजदूतावासले गत अक्टोबर १४ तारिकदेखि मागपत्र प्रमाणीकरण सुरु गरेको हो ।

युएईलगायतका मुलुकले नेपाली कामदारको भिसा रोकेको अवस्थामा जापानस्थित नेपाली राजदूतावासले एसएसडब्लु अन्तर्गतका कामदारको मागपत्र प्रमाणीकरण गर्नुले वैदेशिक रोजगार क्षेत्रमा केही राहत अनुभूति गराएको छ । जापानले वर्षमा कम्तीमा २० हजार नेपाली कामदार लैजाने अनुमान छ । एसएसडब्लु अन्तर्गतका



कामदारको मासिक न्यूनतम तलब करिव २ लाख नेपाली रुपैयाँ रहेको छ ।

जापानमा निश्चित सीपयुक्त श्रमिक ल्याउने सम्बन्धमा प्रचलित कानुन, नियमावली, निर्देशिका र अन्य सम्बन्धित कानुनी प्रावधान, विधि र प्रक्रियाबमोजिम मागपत्र प्रमाणीकरण गर्ने कार्य आरम्भ गरिएको भन्दै नेपाली राजदूतावासले प्रमाणीकरणका लागि आवश्यक कागजातहरूका

पृष्ठ २ मा




**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं ।**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचन सफल पार्न सरकार प्रतिबद्धताका साथ लागेको छ : सञ्चारमन्त्री

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले वर्तमान सरकार फागुन २१ गतेका लागि घोषित प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न प्रतिबद्धताका साथ लागि परेको बताएका छन् ।

ललितपुरको इमाडोलस्थित (इभी दह) बोजेपोखरीमा छठ पूजा व्यवस्थापन समाजले सोमबार आयोजना गरेको छठ पूजामा कार्यक्रममा मन्त्री खरेलले निर्वाचन सफल बनाउन र मुलुकमा सुशासन कायम तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताए ।

सञ्चारमन्त्री खरेलले भने, 'अहिलेको सरकार खासगरी निर्वाचन गर्ने सन्दर्भमा, सुशासन कायम गरेर भ्रष्टाचार नियन्त्रण गर्ने तथा जेनजी आन्दोलको क्रममा भएको धनजनको क्षतिको अनुसन्धान गरी कारबाहीको प्रक्रिया अगाडि बढाउन लागेको छ ।'

मन्त्री खरेलले छठ पर्व सम्पूर्ण नेपालीहरुको राष्ट्रिय गौरव र आत्मीयताको पर्व रहेको उल्लेख गरे ।



उनले भने, 'छठ तराई-मधेसवासीको मात्रै पर्व रहेन । यो सम्पूर्ण नेपालीहरुको राष्ट्रिय गौरव, आत्मीयताको पर्व र पवित्रताको प्रतिक पनि रहेको छ । यस पर्वको उपलक्षमा म सम्पूर्ण नेपालीहरुमा हार्दिशक मंगलमय शुभकामना व्यक्त गर्दछु । छठिया माताले देशकमा शुख, शान्ति र समृद्धिको लागि हामीलाई आशिर्वाद प्रदान गर्नुहुनेछ भन्ने कामना पनि गर्दछु', उनले भने ।

सञ्चारमन्त्री खरेलले महालक्ष्मी नगरपालिकालाई अझै सुन्दर, व्यवस्थित र समृद्ध बनाउन बनाउन सबै लाग्नुपर्नेमा जोड दिए ।

उनले भने, 'बोजेपोखरी सुन्दर र शान्त भएकाले हामी तमाम नगरवासीहरु जम्मा भएर छठ पर्व मनाइरहेका छौं, यसलाई अझै हर्षोल्लासका साथ मनाउनका लागि सबैमा अनुरोध गर्न चाहन्छु ।'

छठ पूजा व्यवस्थापन समाजका अध्यक्ष उमेश्वर यादवले विगतका वर्षदेखिनै बोजेपोखरीमा छठ पूजा गरिँदै आएको बताए । उनले छठ पूजा प्रकृतिको पूजा खासगरी मानव मानवलाई जोड्ने माध्यम भएको उल्लेख गरे । अध्यक्ष यादवले सञ्चारमन्त्री खरेलले बोजेपोखरीमा आयोजित छठ पूजामा सहभागी भएर हौसला प्रदान गर्नुभएकोमा खुसी व्यक्त गरे । उनले बोजेपोखरीमा बर्सेनी धेरै संख्यामा भक्तजनहरु आउने भएकाले घाट साँघुरो हुँदा पूजा व्यवस्थापनमा समस्या भइरहेको भन्दै यसलाई आगामी दिनमा थप प्रभावकारी बनाइनुपर्नेमा जोड दिए ।

# अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै मनाइयो छठ

**काठमाडौं/मस–** छठ पर्वको मुख्य दिन सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिइएको छ । छठ पर्वको मुख्य दिन अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिइन्छ भने त्यसको भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ समापन गरिन्छ । छठको दिन काठमाडौंका ८ स्थानमा छठका लागि पूजास्थल राखिएका थिए ।





राष्ट्रपति रामचन्द्र पौडेलले प्रथम महिला सबिता पौडेलका साथ छठ पर्व २०८२ का अवसरमा छठी माताको पूजा आराधना गरेका छन् ।

राष्ट्रपति पौडेलले पशुपति क्षेत्रस्थित गुह्येश्वरी मन्दिर अघि बाग्मती किनार गौरीघाटमा तयार गरिएको छठ पूजास्थलमा पुगेर सोमबार छठी माताको पूजा अर्चना गरेको राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ । राष्ट्रपति पौडेल र प्रथम महिला सविता पौडेलले पूजा स्थलमा अस्ताउँदो सूर्यलाई अर्घदान गरेका थिए ।

राष्ट्रपति पौडेल गुह्येश्वरीमा पुग्दा राष्ट्रिय सभा सदस्य विष्णुदेवि पुडासैनी, पशुपति विकास कोषका पदाधिकारी, काठमाडौं महानगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष आशामान संगत, छठ पूजा आयोजक समितिका पदाधिकारीहरूले स्वागत गरेका थिए ।

यसैबीच प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौंको कमल पोखरीमा पुगेर छठीमाईको पूजा गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले सोमबार छठ पर्वको मुख्य दिन कमलपोखरी पुगेर अस्ताउँदो सूर्यलाई अर्घ्य दिइ छठीमाईको पूजा आराधना गरेकी हुन् ।

प्राचीन कालदेखि सूर्यको आराधना गरी मनाइँदै आएको बहुसांस्कृतिक, बहुधार्मिक एवं बहुजातीय पर्व छठको अनुष्ठानअन्तर्गत सोमबार अस्ताउँदो सूर्यलाई अर्घ्य दिइँदैछ । काठमाडौंको कमल पोखरीमा विगत नौ वर्षयता छठ पर्वको अवसर पारेर विशेष कार्यक्रम आयोजना हुँदै आएको छ ।

ब्रतालुले सोमबार रातभर जाग्राम बसेर आज बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदैनन् । विशेषगरी तराई क्षेत्रमा मनाइने छठ पछिल्लो समय पहाडी र हिमाली क्षेत्रका मानिसले पनि मनाउँदै आएको पाइन्छ ।

छठको व्रत विधिपूर्वक सम्पन्न गर्नाले मनोवाञ्छित फल पाइने, परिवारको कल्याण हुने र आफ्ना सम्पूर्ण दुःख र कष्ट हटेर जाने जनविश्वास छ ।

## छानबिनमा...

नियामक संस्था समाज कल्याण परिषद् हो । कानुनतः समाज कल्याण परिषद्ले एनजिओ र आइएनजिओलाई प्राप्त हुने विदेशी अनुदान र नेपालमा हुने खर्चको विवरण राख्छ । खर्चको विवरणमा शंका भए परिषद्ले नै एनजिओ र आइएनजिओहरूको कारोबार हेर्न सक्छ । एनजिओ तथा आइएनजिओमा वैदेशिक स्रोतबाट कति पैसा आएको छ, के कस्तो शीर्षकमा खर्च भएको छ भनेर आयोगले केलाउनेछ ।

समाज कल्याण परिषद्का सदस्य सचिव मनोज भट्टका अनुसार आयोगले विगत एक वर्षमा नेपालमा गैरसरकारी संस्थाहरूले प्राप्त गरेको सहायता र खर्चको विवरण मागेपछि पठाउन थालिएको हो । उनका अनुसार अधिकांश एनजिओ र आइएनजिओको आम्दानी र खर्चको विवरण विद्युतीय अभिलेखमा रहन्छन् ।

परिषादका अन्य अधिकारीहरूका अनुसार पनि एकद्वार प्रणालीमार्फत आएका एनजिओ र आइएनजिओमध्ये धेरैजसोको तथ्यांक विद्युतीय प्रणालीमै रहने भएकाले आयोगलाई उपलब्ध गराउन समस्या छैन तर परिषद् बाहिरबाट पनि अनुदान परिचालन भएको अवस्था रहँदै आएको छ । यसको तथ्यांक संकलन गर्न भने कठिनाइ हुनेछ । तथापि, परिषद्ले एनजिओ र आइएनजिओलाई बैंक स्टेटमेन्ट नै माग्ने अधिकारसमेत राख्छन् ।

समाज कल्याण परिषद्का अनुसार ५८ हजार एनजिओहरू दर्ता छन् । त्यसमध्ये करिब ७ सयवटाले मात्रै विदेशी अनुदान ल्याउने गरेका छन् । बाँकीले नवीकरण मात्रै गरिरहेका हुन्छन् ।

नेपालमा आइएनजिओको संख्या १ सय ३० वटाको हाराहारीमा छ । समाज कल्याण परिषद्ले वार्षिक २ लाख अमेरिकी डलर खर्च गर्न सक्ने आइएनजिओलाई मात्रै नेपालमा सञ्चालन अनुमति दिने गरेको छ ।

यसबाहेक पनि नेपालमा एनजिओ-आइएनजिओ छन् । सरोकारवालाका अनुसार कतिपय एनजिओ र आइएनजिओ समाज कल्याण परिषद्मा दर्ता नभएर समेत सञ्चालनमा रहेका छन् । तिनको विवरण संकलन गर्न पनि कठिन हुनेछ । कतिपय गैरसरकारी संस्था स्थानीय स्रोतबाट पनि सञ्चालन हुने गरेका छन् । तिनको विवरण पनि परिषद्सँग हुँदैन ।

## एकताबाट...

हो । अरूले होइन नेपालीले नै चलाउने हो । जब भ्रष्ट, कमिसनखोर, तस्कर, दलाल, परजीवी समाप्त हुनेछन् । देशले आत्मसम्मानसहित उन्नति हासिल गर्नेछ' विप्लवले भनेका छन्, 'स्वाधीनता र समाजवादका पक्षमा उभिन कात्तिक २० गते काठमाडौंमा भेटौं साथीहरू ।'

नेकपाका नेता भरत सी माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसँग वैचारिक मतभेद कायमै रहेकाले एकताको संवादमा आफूहरू नरहेको बताउँछन् ।

नेता सीका अनुसार माओवादी र समाजवादी सुशीला कार्की नेतृत्वको सरकारको निरन्तरतामा चुनाव चाहिरहेका छन् । नेकपा भने सर्वपक्षीय सरकार भनिरहेको छ । सर्वपक्षीय सरकारपछि मात्रै चुनावको विश्वसनीय आधार बन्छ भन्ने मत राखिरहेको छ । यहाँनेर वैचारिक र राजनीतिक मतभेद देखिएको भन्दै नेता सीले यस्तो बताएका हुन् ।

तथापि विचार मिल्नेसँग एकता गर्ने विषयलाई पार्टीले बन्द नगरेको नेकपाका नेता बताउँछन् । तत्काललाई माओवादी केन्द्र र एकीकृत समाजवाद मिलून् भनेर शुभकामना दिएर आफूहरू पार्टी केन्द्रित गतिविधिमा लागेको नेता सीको उनको भनाइ छ । उनी भन्छन्, 'माओवादी केन्द्र र समाजवादी चाहिँ एकतातिर जान खोजेको देखिन्छ । त्यो राम्रै हो शुभकामना दिएका हौं ।'

अर्थात् नेताहरूका अनुसार विप्लव नेतृत्वको नेकपा एकताको संवादबाट टाढिएको छ । समाजवादी मोर्चामा रहेका दलहरूबीच एकताको प्रयास भइराखेका बेला विप्लव नेतृत्वको पार्टी एकताको संवादबाट टाढिएको हो । एकता संवादबाट टाढिएर उसले आफ्नै ढंगले संघर्षका कार्यक्रम अगाडि बढाएको छ ।

## कांग्रेसमा...

गर्ने गरी कार्यतालिका पेस गरेका छन् । त्यसो नहुँदा विशेष महाधिवेशन बोलाउनुपर्ने उनीहरूको माग रहेको छ ।

विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर अभियान चलाएका नेता देवराज चालिसेले ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर पार्टीमा बुझाइसकेको दाबी गरे । उनले मध्यान्हसँग भने, 'मंसिरमा नियमित महाधिवेशन गर्न केन्द्रीय समिति बैठकले मिति तोकोस् भनेका हौं । समयमा नियमित महाधिवेशन गर्न नसके विशेष महाधिवेशन गरेर जानुपर्ने अवस्थामा कांग्रेस पुगेको भन्दै केन्द्रीय समितिको ध्यानाकर्षण गराइसकेको छौं ।' तर पार्टी नेतृत्वको कार्यकाल लम्ब्याउने चाहनाले पार्टीमा विद्रोहका अवस्थासमेत आउन सक्ने संकेत गरेको उनले टिप्पणी गरेका छन् ।

महामन्त्री थापा र शर्मासहितको समूहले विशेष महाधिवेशन बोलाउन ४ हजार ७ सय ४३ महाधिवेशन प्रतिनिधिमध्ये २ हजार ४ सय ८८ लाई हस्ताक्षर गराएर संस्थापन पक्षलाई दबाब दिएका छन् । विशेष महाधिवेशन बोलाउने अधिकार केन्द्रीय कार्यसमितिलाई छ । केन्द्रीय समितिले नबोलाए ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर माग गरे केन्द्रीय कार्यसमितिले तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनैपर्ने विधानमा व्यवस्था छ । यद्यपि संस्थापन पक्षले त्यसलाई स्वीकार गरेको अवस्था छैन । २०७८ मंसिर २४-२८ मा भएको १४औं महाधिवेशनबाट निर्वाचित कांग्रेस सभापति शेरबहादुर देउवा जेनजी आन्दोलका क्रममा भएको आक्रमणबाट घाइते भएसँगै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी सुम्पिएर उपचारका लागि सिंगापुर गएका छन् ।

केन्द्रीय समितिको नेतृत्व गर्दै आएका कार्यवाहक सभापति खड्काले पार्टीमा दर्ता भएको विशेष महाधिवेशन प्रस्तावलाई नियमितसँग जोडेर सर्वसम्मत निर्णयमा पुगिने बताए । संकटका बेला कांग्रेसले देशलाई निकास दिन मियोको भूमिका निर्वाह गर्ने दाबी गर्दै खड्काले सहमतिमै महाधिवेशनको मिति तोकिने दाबी गरे । 'पार्टीभित्र व्यापक छलफल चलिरहेको छ, नेताहरूले राखेका खुला विचारलाई एक ठाउँमा जोडेर केन्द्रीय समितिबाट चुनाव र पार्टीको नियमित अधिवेशन तथा भ्रातृ संस्थाका अधिवेशन सबै विषयलाई समेत अगाडि राखेर निर्णय गर्छौं,' उनले भने । उनी विशेष महाधिवेशनको पक्षमा सहमत भने छैनन् । मंसिरमै नियमित महाधिवेशन हुन सक्ने अवस्थासमेत खड्काले देखेका छैनन् । 'विशेष महाधिवेशनको प्रस्तावलाई नियमित महाधिवेशनको सीमाभित्र जोडेर सर्वसम्मत निर्णयमा पुग्छौं,' खड्काले भने ।

कांग्रेसको अहिलेसम्मको अवस्था हेर्दा मंसिरमा नियमित महाधिवेशन हुने संरचना निर्माण भएको देखिँदैन । यसले नेपाली कांग्रेसमा स्पष्ट दुई ध्रुव देखिँदै पार्टी फुटसम्मको दिशामा जान सक्ने संकेत गरेको छ । नेताहरूले पटकपटक समयमा नियमित महाधिवेशन वा विशेष महाधिवेशन नभएर महाधिवेशन प्रतिनिधिका हिसाबले अल्पमतमा परेको संस्थापन पक्षलाई उखलेर फाल्ने चेतावनी दिँदै आएका छन् । हस्ताक्षर अभियानको नेतृत्व गरिरहेका नेता गुरुराज घिमिरेले मंसिरमा नियमित महाधिवेशन नगर्ने हो भने विशेष महाधिवेशन गरेर पार्टी रूपान्तरण चरणमा जानुपर्छ भन्ने वैधानिक माग गरिएको बताउँदै सडकमा भेला गरेर बार्गेनिङ गर्न नखोजेको स्पष्टीकरण दिएका छन् । 'पहिलो सर्त नियमित महाधिवेशन र यही त्यसो नभएर वैधानिक व्यवस्थाअनुसार बहुमतभन्दा बढी महाधिवेशन प्रतिनिधिको आह्वानमा विशेष महाधिवेशन भनेका हौं,' उनले भने, 'यसको विकल्प खोजियो भने महाधिवेशन प्रतिनिधिहरूको भेलाबाट पार्टीले विधानअनुसार नै आफ्नो गति लिन्छ ।' गत असोज मसान्तभित्र क्रियाशील सदस्यताको काम सक्ने कार्ययोजना बनाएको थियो । सो कार्ययोजनाअनुसार क्रियाशील सदस्यता नवीकरण तथा वितरणको नेतृत्व गर्दै आएका महामन्त्री गगन थापाले समेत महाधिवेशनको पूर्वाधान तयारीमा काम नगरेको आरोप खेप्दै आएका छन् । पार्टीको महामन्त्रीले नियमित महाधिवेशनको तयारी गर्न छाडेर विशेष महाधिवेशनको मुद्दा बोक्नुले उनीहरूप्रति समेत शंका उत्पन्न भएको युवा नेता भूपेन्द्रजंग शाहीले बताए । उनले भने, 'महामन्त्रीहरूले नै नियमित महाधिवेशन रोकेर विशेष महाधिवेशनका नाममा आफ्नो कार्यकाल थप्न खोजेका हुन् कि भन्ने शंका उत्पन्न भएको छ । नत्र क्रियाशील सदस्यताको काम सकेर आवधिक महाधिवेशनको संरचना तयार गर्न उहाँहरूलाई केले रोकेको थियो भन्ने प्रश्न उब्जिएको छ ।'

विधानअनुसार एक वर्ष कार्यकाल थप्न पाउने सहुलियतको उपयोग गर्ने तहमा पुगेका संस्थापन पक्षका नेताहरू जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थितिअनुसार ६ महिना मात्रै समय थप गरेर महाधिवेशन गर्न चाहेको देखिन्छ । संस्थापनकै केही नेता र संस्थापनइतर पक्ष भने कार्यकाल सकिनासाथ पार्टीमा नयाँ नेतृत्व ल्याउन नसके आगामी निर्वाचनमा जान नसकिने पक्षमा छन् । यही नेतृत्वबाट टिकट लिएर यही स्थितिमा फागुन २१ को निर्वाचनमा जनतामा जाँदा पार्टीको खास बचाउन नसकिने केन्द्रीय सदस्य डा. गोविन्दराज पोखरेलले बताए । समयमै नियमित महाधिवेशन नहुँदा पार्टीमा विद्रोहको बिउ रोपिन सक्ने उनको आँकलन छ ।

तर संस्थापन पक्षका नेता समय अभावको कारण देखाउँदै प्रतिनिधि सभाको निर्वाचनपछि मात्रै पार्टी महाधिवेशन गर्नुपर्ने बताउँछन् । संस्थापन पक्षका नेता एवं पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले कात्तिक १३ बाट हुने केन्द्रीय समितिको बैठकले नियमित महाधिवेशनका सन्दर्भमा निर्णय लिने बताए । सरकारले आमनिर्वाचन गर्ने तयारी गरिसकेकाले पार्टीका आमनेता कार्यकर्ता एक भएर निर्वाचनतर्फ ध्यान दिनुपर्ने समय आएको उनले बताए । 'निर्वाचन हुने भए पार्टी त्यसतर्फ केन्द्रित हुनुपर्ने हुँदा पार्टीको महाधिवेशन चुनावपछि नै गर्नु उपयुक्त हुन्छ,' महतले भने, 'केन्द्रीय समिति र महाधिवेशन प्रतिनिधिसमेतको चार वर्षीय कार्याकाल मंसिर अन्तिममा सकिँदै छ । त्यसकारण विशेष महाधिवेशनमा जान सक्ने अवस्था रहँदैन । केन्द्रीय समितिको बैठकले नियमित महाधिवेशनकै लागि मिति तय गर्छ ।'

## जापानको...

सम्बन्धमा राजदूतावासको वेबसाइटमा राखेर सहजीकरण गरेको बताएको छ ।

एसएसडब्लु अन्तर्गत नर्सिङ, स्याहार सुसार, निर्माण, भवन सरसफाइ तथा व्यवस्थापन, पानी जहाज निर्माण र पानी जहाज मेसिनरी उद्योग, अटोमोबाइल, औद्योगिक मेसिनरी उत्पादन तथा इलेक्ट्रोनिक्स उद्योग, होटल, उड्डयन खाना र पेय पदार्थको उत्पादन उद्योग, खाद्य सेवा उद्योग, कृषि र मत्स्यपालन तथा अकुवाकल्चर अन्तर्गतका सीपयुक्त रोजगारी रहेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले दसैंको बिदाका अवसरमा जापान गएका बेला आफूले व्यक्तिगत श्रम स्वीकृतिमा जाने कामदार ठगीमा परेको तथा कम सेवा सुविधामा काम गर्दा उनीहरूका पक्षमा बोल्ने संस्था नभएकाले एसएसडब्लु अन्तर्गतका रोजगारीमा संस्थागत रूपमा कामदार पठाउन नेपाली राजदूतावासले विशेष सीप भएका कामदार पठाउने कार्यविधिको मर्मअनुसार मागपत्र प्रमाणीकरण गर्नुपर्ने माग राखेर राजदूत दुर्गाबहादुर सुवेदीलाई ज्ञापनपत्र बुझाएर ध्यानाकर्षण गराएको मध्यान्ह दैनिकलाई बताए । अध्यक्ष गुरुङले भने, 'नेपाली राजदूतावासले मागपत्र प्रमाणीकरण गर्न सुरुवात गरेको छ, व्यवसायीहरूले पनि सोहीअनुसारको सक्रियता देखाउन जरुरी छ ।'

जापानले विशिष्ट सीप भएका कामदारको माग पूरा गर्न एसएसडब्लु अन्तर्गत फिलिपिन्स, भियतनाम, भारतलगायत धेरै मुलुकबाट कामदार लैजाने गरेको छ । नेपाल र जापानबीच सन् २०१९ मा नै सम्झौता भएपनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कार्यविधि नबनाउँदा समस्या थियो । मन्त्रालयले माघमा कार्यविधि स्वीकृत गरेको थियो ।

सैद्धान्तिक रूपमा नेपालबाट जाने कामदारको खर्च सबै रोजगारदाताले नै व्यहोर्ने व्यवस्था छ, तर रोजगारदाता र म्यानपावरबीच कामदारले जाने खर्च व्योहर्नुपर्ने सम्झौता भएको अवस्थामा कामदारले खर्च व्यहोर्नुपर्ने छ ।

यसअघि दक्षिण कोरियाको ई-७ भिसामा म्यानपावर कम्पनीले पठाउने कार्यविधि बनेको थियो । तर जेनजी आन्दोलन पछि श्रम मन्त्रालयले अख्तियारको निर्देशनसमेत भन्दै ई-७ कार्यविधि कार्यान्वयन स्थगित गरेको छ ।

संघका अध्यक्ष गुरुङले ई-७ भिसामा दक्षिण कोरियामा नेपाली कामदार जाने प्रक्रिया रोक्न नहुने भन्दै सरकारलाई ध्यानाकर्षण गराउने बताए । उनले खाडीका केही मुलुकमा नेपाली कामदारको रोजगारीमा ढिलाइ भएको अवस्थामा खुला गरिएका श्रम गन्तव्य रोक्न नहुने जिकिर गरे । उनले नेपाली कामदारका लागि नयाँ गन्तव्यको खोजीका लागि युरोपेली मुलुकमा रोजगार मेलाको आयोजना गर्ने योजना रहेको पनि जानकारी दिए ।


Kedarsyun Rural Municipality
Office of the Rural Municipal Executive
Deura, Bajhang
SudurPashchim Province, Nepal

**Invitation Bids for Procurement of Office Execution Materials and supply to Office**

**Date of publication:- 2082/07/11(28 Oct 2025)**
**Invitation for Bids No: 02/2082/083**

1. Kedarsyun Rural Municipality Office, Deura Bajhang has invited electronic bids on **2082/07/11** from Nepalese eligible bidders for the procurement of following works under Seal Quatation Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount with VAT | Bid Document fee NRs. | Bid Security NRS | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/SQ/Goods-02/2082/083 | Procurement of Office Execution Materials and supply to Office of Kedarsyun Rural Municipality, Bajhang | 18,84,715.00 | 1000.00 | 47,500.00 | 2082/07/26 (2025-11-12) |

2. The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website http://www.bolpatra.gov.np/egp, the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: ………. Office Account no: ***07501400250009* of Kedarsyun Rural Municipality Aanatrik Rajashow Khata Nepal Investment Bank, Jhota Branch** and electronic scanned copy (pdfformate) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.
Information to deposite Bid Security in Bank:
**Name of The Bank : Nepal Investment Bank,JhotaBajhang.**
**Name of Office : Kedarsyun Rural Municipality** ***Dharuti Khata***
**Deposite Account No. :** ***07501400250153***
4. For more information about bidding process and bid documents, please visit http://www.bolpatra.gov.np/egp,

**CAO**



Thatikandh Rural Municipality
Office of Rural Municipal Executive
Lakandra, Dailekh
Karnali Province, Nepal

**Notice for Addendum of Bid**

**First Bid Addendum Publication Date : 2025 October 28 (2082/07/11) at 0:00**
**Modified Last Date of Bid Submission : 2025 November 06 (2082/07/20) at 12:00**
**Modified Date of bid opening : 2025 November 06 (2082/07/20) at 14:00**

This is notify that the notice published on 2025 September 26 has been modified as follows with all other informations being the same. Please, visit www.bolpatra.gov.np/egp to observe the modified BOQ and bid documents.

| S. N. | Contract Identification No. | Description of Work | Modified Key Activities |
|---|---|---|---|
| 1 | TRM/DLK/NCB/MTBDKSN/02/2082/083 | Manakot Thatikandh Bijare Dhankot Kandh Sadak Naya Nirman tatha Staronnati Thatikandh Ward No. 1,6,2&4 | Asphalt Concrete Work 218 cum |

**In case of any queries, please contact Er. Pawan Kumar Karki (9866726816)**

**Chief administrative Officer**

# ‘निर्वाचन भाँड्ने प्रयास नगर्नुस्, शहीदको बलिदान खेर जानु हुँदैन’



**काठमाडौं/मस-** नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले आगामी प्रतिनिधि सभा निर्वाचन भाँड्ने प्रयास नगर्न सबै राजनीतिक दल र शक्तिहरूलाई आग्रह गरेकी छन् ।

सोमबार काठमाडौंस्थित ट्रमा सेन्टर र शिक्षण अस्पताल महाराजगन्जमा उपचाररत जेन-जी आन्दोलनका घाइतेहरूसँग भेटपछि उनले यस्तो आग्रह गरेकी हुन् । शिक्षण अस्पतालमा एक जना घाइतेको गम्भीर अवस्था देखेपछि आँसु झार्दै मन्त्री गौतमले भनिन्, ‘अब निर्वाचन भाँड्ने नाममा आन्दोलन नगर्न सबै शक्ति र व्यक्तिहरूको ध्यानाकर्षण गराउन चाहन्छु । सरकार निर्वाचनमा केन्द्रित छ, त्यसको विरोध गरिरहन आवश्यक छैन ।’

उनले घाइते बिरामीहरूले अस्पतालमा रहेको कुरीति र बेथितिको समस्याबारे ध्यानाकर्षण गराएको उल्लेख गर्दै भनिन्,‘उनीहरूले दिएको सुझावका आधारमा अस्पतालहरूको सुधारमा लाग्ने प्रतिवद्धता लिएको छु ।’

मन्त्री गौतमले आफूले गर्ने सबै कार्य पारदर्शी ढंगले जनताको बीचमा लैजाने संकल्प समेत व्यक्त गरिन् ।

उनले थपिन्,‘बिरामीहरूको अवस्था हेर्दा मलाई धेरै गाह्रो भयो । म चाहन्छु मुलुक आन्दोलनमा नजाओस्। जसले सरकारको विरोध गर्नुहुन्छ, चुनाव भाँड्न खोज्नुहुन्छ, त्यो नगर्नुस् । हाम्रो जनआन्दोलनको मर्म नै भ्रष्टाचार, कुरीति र बेथिति अन्त्य गर्नु थियो । त्यसका लागि आएका सुझावहरूलाई ग्रहण गर्दै हामी त्यही दिशामा काम गर्नेछौं । मैले गरेका कामहरू पारदर्शी रूपमा जनतालाई देखाउनेछु ।’

यसअघि बिहानै उनले सिनामंगलस्थित केएमसी अस्पतालमा उपचाररत जेन-जी आन्दोलनका घाइतेहरूको अवस्थाबारे पनि जानकारी लिएकी थिइन् । केएमसी अस्पतालले आन्दोलनका क्रममा घाइते भएका ८३ जनाको उपचार गरेको र हाल २ जना मात्रै उपचाररत रहेका छन् ।

तीमध्ये एक महिला आन्दोलनका क्रममा पेट्रोल बम प्रहारबाट घाइते भएकी र अर्का एक जना गोली लागेर उपचाररत रहेको छन् । दुवैको अवस्था अहिले सुधारोन्मुख रहेको बताइएको छ ।

डा. गौतमले भनिन्, ‘केएमसीले ८३ जना जेन-जी घाइतेहरूको उपचार गरिसकेको रहेछ । अहिले मैले दुई जना बिरामी हेरे । अरू सबै सन्चो भएर घर फर्किनुभएको रहेछ ।’

उनले थपिन्,‘यत्रो शहीद र घाइतेहरूको बलिदान खेर जानु हुँदैन। हामी सबै त्यसतर्फ सचेत छौं । गुड गभर्नेन्सको मुद्दा हामीले बिर्सिनु हुँदैन ।’

मन्त्री गौतमले जेनजी आन्दोलनका शहीद र घाइतेहरूको बलिदानको अवमूल्यन गर्न नहुने र उनीहरूले अघि सारेका सुधारका मागलाई व्यवहारमा लागू गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट बताइन् ।

# तिहारपछि यात्रुको भीड सिट अभाव, सडकमा ठेलमठेल



**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १० कात्तिक

तिहार सकिएलगत्तै रुकुमपूर्वको रुकुमकोट, सिस्ने, भूमे पुथा उत्तरगंगा गाउँपालिका लगायत विभिन्न क्षेत्रबाट जिल्ला बाहिरिने यात्रुको भीड अत्यधिक देखिएको छ । तिहार मनाउन गाउँ आएका र आफ्ना आफन्तसँग भाइटीका लगाउन आएका नागरिक अहिले पुनः पोखरा, काठमाडौं, दाङ, सल्यान र रुकुम पश्चिमसहितका जिल्लातर्फ फर्किन थालेका छन् ।

रुकुमकोट यातायात प्रालिका उपाध्यक्ष गणेशकुमार शाहका अनुसार कात्तिक ७ देखि ९ गतेसम्म मात्र करिब दुई हजार यात्रु विभिन्न गन्तव्यतर्फ प्रस्थान गरेका छन् । ‘तिहारपछि यात्रुको चाप प्रत्येक वर्षजस्तै यो वर्ष पनि असाधारण छ,’शाहले भने,‘लामो दूरीका लागि काठमाडौंसम्म तीनवटा नयाँ बस थपेका छौं ।’

त्यस्तै, सिस्ने यातायात प्रालिबाट पनि करिब एक हजार यात्रु बाहिरिएको इन्चार्ज प्रकाश मल्लले बताए । उनका अनुसार यात्रुको संख्या कात्तिक १४ गतेसम्म अझै बढ्ने अनुमान छ ।

दुबै पालिका तथ्यांक अनुसार आगामी एक साताभित्र रुकुमपूर्वबाट करिब चार हजार यात्रु जिल्लाबाहिरिने देखिएको छ । यीमध्ये धेरैजसो रोजगार, अध्ययन र व्यक्तिगत कारणले आफ्ना कर्मथलो फर्कंदै छन् ।

मध्य पहाडी लोगमार्गको मुख्य सडक क्षेत्रमा बिहानदेखि बेलुकीसम्म यात्रुको ठेलमठेल देखिन्छ । टिकट काउन्टरमा लामो लाइन, बोराका र सवारी पर्खिरहेका यात्रुहरूको भीडले बजार नै भरिएको छ । सिस्ने गाउँपालिका-५ की चाहाना बुढामगरले काठमाडौं फर्कंदै गर्दा भनिन्, ‘तिहारमा गाउँ रमाइलो भयो तर फर्कंदा बसमा सिट अभाव छ । क्षमता भन्दा बढी यात्रु चढाउँदा जोखिम हुन्छ, त्यसमा सम्बन्धित निकायले ध्यान दिनुपर्छ ।’ रुकुमपूर्वमा दसैं, तिहारलगायत चाडपर्वका बेला गाउँ फर्किने र त्यसपछि पुनः सहरतर्फ फर्किने यात्रुको चाप प्रत्येक वर्ष दोहोरिन्छ । स्मृति शाहका अनुसार यो चाप केवल यातायातको समस्या होइन, रोजगार र अवसरको कथासँग जोडिएको विषय बनेको छ ।

रुकुम पश्चिमको आठविसकोट नगरपालिका-५ का निर्माण घर्तीले भने, ‘काम र पढाइका लागि हरेक वर्ष फर्किनुपर्छ । गाउँमा अवसर नहुँदा चाहेर पनि टिक्न सकिन्न ।’ त्यहीँ पनि बसमा सिट नपाएको गुनासो गरे । यात्रुको भीड बढेसँगै जिल्ला प्रशासन कार्यालय रुकुमपूर्वले पनि यातायात व्यवसायीलाई सचेत गराएको छ ।

प्रमुख जिल्ला अधिकारी सीता परियारले भनिन्, ‘सिट क्षमताभन्दा बढी यात्रु राखेर जोखिम मोल्नुहुँदैन । यात्रुको चाप हेरेर सवारीसाधन थप गर्न निर्देशन दिएका छौं ।’ तिहारपछि कम्तीमा एक हप्तासम्म यात्रु चाप उच्च रहने भएकाले प्रशासन र प्रहरी दुवै सतर्क छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका सहायक निरीक्षक वीर थापाले भने, ‘हामीले मुख्य सडक खण्डहरूमा चेकिङ र सुरक्षामा कडाइ गरेका छौं। सिट क्षमताभन्दा बढी यात्रु राख्ने सवारीसाधनलाई तत्काल कारबाही गरेर नियन्त्रण लिएका छौं ।’

कसैका काँधमा झोला, कसैका बोरामा स्याउ र अन्न, कसैका हातमा मकै र आलु, गाउँको स्वाद बोकेर सहरतर्फ लागेका उनीहरूको यात्रा केवल दूरीको होइन, जीवनसंघर्षको यात्रा जाँदै गर्दा गाउँ भने शून्य हुन थालेको छ ।

# ग्राण्डी अस्पताल नर्सलाई तोकेको पारिश्रमिक कार्यान्वयनमा सकारात्मक



**काठमाडौं/मस-** ग्राण्डी अन्तर्राष्ट्रिय अस्पताल नर्सलाई तोकेको पारिश्रमिक कार्यान्वयनमा सकारात्मक देखिएको छ ।

काठमाडौंको धापासीमा सञ्चालित ग्राण्डी अस्पतालले सोमबार विज्ञप्ति जारी गरी अस्पतालमा कार्यरत नर्स तथा स्वास्थ्यकर्मीका लागि सरकारले तोकेको पारिश्रमिक कार्यान्वयन गर्न अस्पताल प्रशासन सकारात्मक जनाएको छ ।

गत कात्तिक २ गते नर्स तथा स्वास्थ्यकर्मीहरुको संयुक्त संघर्ष समितिले अस्पतालमा पारिश्रमिक वृद्धिलाई लिएर बुझाएको ज्ञापनपत्रप्रति अस्पताल प्रशासनले सञ्चालक समितिलाई उक्त माग राख्ने प्रतिवद्धता जनाएको थियो । अस्पतालका अध्यक्ष र नर्स तथा स्वास्थ्यकर्मीको संयुक्त संघर्ष समितिबीच कात्तिक ९ गते आइतबार बसेको बैठकमा सात दिनभित्र सञ्चालक समितिको बैठक बसेर माग सम्बोधन गर्नेबारे छलफल भएको थियो ।

अस्पताल प्रशासन नर्स तथा स्वास्थ्यकर्मीले राखेको मागप्रति सकारात्मक रहेको जनाउँदै अस्पतालजस्तो संवेदनशील क्षेत्रमा बिरामीको जीवनरक्षालाई प्राथमिकता राख्न अस्पतालले अनुरोध समेत गरेको छ । यस्तै, आन्दोलनको कार्यक्रम अगाडि नबढाउन समेत अस्पतालले सबैलाई अनुरोध गरेको छ ।

# सुत्केरीको मृत्युपछि किष्ट अस्पतालमा तनाव



**ललितपुर/मस-** ललितपुरको इमाडोलस्थित किष्ट अस्पतालमा एक गर्भवतीको मृत्यु भएपछि तनाव उत्पन्न भएको छ । अस्पतालको लापरबाहीका कारण बिरामीको ज्यान गएको भन्दै मृतकका आफन्त आक्रोशित बनेका हुन् । नियमित चेकजाँचपछि सुत्केरी गराउन अस्पताल भर्ना भएकी खोटाङकी ३४ वर्षीया मीना राईको शुक्रबार राति मृत्यु भएको हो ।

आफन्तले सोमबार अस्पताल परिसरमा प्रदर्शन गर्नुका साथै तोडफोड र आगजनी समेत गरेका छन् ।

प्रहरीले अवस्था नियन्त्रणमा लिन अस्पताल वरिपरि बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरेका थियो । मृतकका आफन्त र परिवारका सदस्यहरू ठूलो संख्यामा भेला भई विरोध प्रदर्शन गरेका हुन् ।

अस्पतालको गम्भीर लापरबाहीले कात्तिक ७ गते गर्भवती महिलाको ज्यान गएको आफन्तले बताएका छन् । घटना भएको तीन दिन बितिसक्दा पनि अस्पताल प्रशासनले संवादका लागि कुनै पहल नगरेको भन्दै आफन्तहरू थप आक्रोशित बनेका हुन् ।

जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता चक्रराज जोशीका अनुसार मृतकका आफन्तले अस्पतालको गेट फोडेरभित्र पसेर ढुंगामुढा र तोडफोड गरेका हुन् ।

स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले केही राउन्ड अश्रुग्याँस प्रहार गर्नुका साथै लाठीचार्ज समेत गरेको थियो ।

अस्पताल प्रशासनले भने सुत्केरी भइसकेपछि उच्च रक्तस्रावका कारण मिनाको मृत्यु भएको दाबी गरेको छ । शुक्रबार साँझ उनले छोरीलाई जन्म दिएकी थिइन् भने बच्चाको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ । अस्पताल प्रशासनले मृतकका आफन्तसँग पटक-पटक वार्ता गर्ने प्रयास गरे पनि वार्ता सफल हुन सकेको छैन। उनीहरूले जिल्ला प्रशासन कार्यालय ललितपुरको रोहवरमा वार्ता गरेर माग पूरा गर्नुपर्ने बताएका छन् ।

# अझै पाँच हजार कैदी कारागारबाहिरै



**काठमाडौं/मस-** ‘जेनजी’ प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधार गृहबाट भागेकामध्ये अझै करिब पाँच हजार कैदी फरार छन् ।

प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५ सय ८५ कैदी र नौवटा बाल सुधारगृहबाट ९ सय ६४ बालबन्दी गरी १४ हजार ५ सय ४९ बन्दी भागेका थिए ।

तीमध्ये हालसम्म नौ कैदी र ५ सय ८२ बालबन्दी गरी कुल नौ हजार ५ सय ८२ बन्दी कारागार फर्केका छन् । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार चार हजार ५सय ९६ कैदी र ३ सय ८६ बालबन्दी गरी कुल चार हजार ९ सय ८२ बन्दी अझै फरार छन् ।

सरकारले फरार कैदीबन्दीलाई कारागार फर्कन ‘अल्टिमेटम’ दिएको छ । ठूलो संख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत फरार कैदीलाई नियन्त्रणमा लिँदै सुरक्षाकर्मीले सम्बन्धित कारागारमा बुझाइरहेका छन् ।

मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो ।

प्रदर्शनको मौका पारेर सुनसरीको झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, काठमाडौंका नक्खु, डिल्लीबजार, जगन्नाथदेवल, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, दाङ तुलसीपुर, नौवस्ता बाँके, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट १३ हजार ५ सय ८५ कैदीबन्दी भागेका थिए । यस्तै, मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधारगृहबाट ९६४ बालबन्दी भागेका थिए ।

सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन, धादिङ र सप्तरीमा दुई/दुई कैदीको गोली लागेर मृत्यु भएको थियो । यस्तै, नौवस्ता बालसुधार गृहमा झडप हुँदा पाँच र डोटी बालसुधारगृहमा एक बालबन्दीको मृत्यु भएको थियो । कारागार कार्यालयहरूले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गराउँदै आएका छन् । सरकारको सूचनालाई बेवास्ता गरी फरार रहेका कैदीबन्दीलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ । देशभरका ७२ जिल्लामा रहेका ७५ वटा कारागार र बालगृहमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार ६ सय ४१ कैदी र बालबन्दी रहेका छन् ।

# देउसी भैलोको रकम सडक निर्माणमा



**म्याग्दी/मस-** म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामाआमा समूहले देउसीभैलो खेलेर संकलन गरेको रकम सडक निर्माणमा सहयोग गरेका छन् ।

तिहारको अवसरमा स्थानीय हिमाली आमा समूहले देउसीभैलो खेलेर संकलन गरेको रकमबाट २ लाख रुपैयाँ गाउँमा सडक निर्माण गर्ने योजनामा सहयोग गरेका हुन् ।

गुर्जा म्याग्दीमा सडक सञ्जालको पहुँच नपुगेको एक मात्रै वडा हो । देउसी भैलोमा संकल नभएको चार लाख नौ हजार रकममध्ये दुर्गम र विकट बस्तीको रुपमा परिचित गुर्जा गाउँमा सडक सञ्जालको पहुँच पुऱ्याउने योजनालाई दुई लाख सहयोग गरिएको आमा समूहकी अध्यक्ष ज्ञानकुमारी छन्त्यालले बताइन् । गाउँमा छिटो मोटरबाटो जोडियोस भन्ने उद्देश्यले आमा समूहको बैठकबाट निर्णय गरेर उक्त सहयोग गरिएको उनले जानकारी दिइन् ।

आइतबार आयोजित एक कार्यक्रममा आमा समूहकी अध्यक्ष छन्त्यालले वडा सदस्यद्वय गुनराम छन्त्याल र केआई सिंह छन्त्याललाई सो रकम हस्तान्तरण गरिन् । आमा समूहले मौलिककला र संस्कृतिको जगेर्नाका लागि सञ्चालन गरेको मौलिक देउसी भैलोबाट संकलन गरेको दान रकमलाई सडक निर्माणको लागि सहयोग गरी नमूना काम गरेको वडा सदस्य छन्त्यालले बताए ।

उनका अनुसार उक्त रकम वडा कार्यालयमार्फत सडक निर्माण योजनाको अगुवाइ गरिरहेको गुर्जा विकासमञ्च पोखरालाई उपलब्ध गराइनेछ ।

धवलागिरि गाउँपालिका-२ लुलाङदेखि देउराली हुँदै गुर्जाको भैंसीमाने खोल्सासम्म पुगेको सडकलाई विस्तार गरी गुर्जा गाउँसम्म सडकको पहुँच पुऱ्याउन करिब पाँच किलोमिटर सडकको ट्र्याक निर्माण गर्न बाँकी रहेको छ । यसअघि पनि सरकारी बजेटको अतिरिक्त स्वदेश तथा विदेशमा रहेका गुर्जावासीले गाउँमा सडक पुऱ्याउने योजनामा आन्तरिक स्रोत जुटाएरसमेत सडकको ट्र्याक विस्तारको काम गर्दै आएका छन् ।

चालु आर्थिक वर्षभित्र गुर्जा गाउँमा सडकको पहुँच पुऱ्याउने लक्ष्यकासाथ गाउँपालिका, प्रदेश र संघीय सरकारबाट विनियोजन भएको बजेटलाई परिचालन गर्ने तयारी गरिएको गुर्जाका वडाअध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिए ।

उनका अनुसार लुलाङ-गुर्जा सडकका लागि यसवर्ष संघीय सरकारले समपुरक बजेटबाट एक करोड ४० लाख, गाउँपालिकाले समपुरक साझेदारी बजेट ३५ लाख, सहरी विकास मन्त्रालयबाट ३ करोड र गण्डकी प्रदेश सरकारबाट ५० लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

# उच्च हिमाली पदमार्गमा यात्रा नगर्न मुस्ताङ प्रशासनको आग्रह

**मुस्ताङ/मस-** मुस्ताङ प्रशासनले पर्यटकीय पदमार्गमा यात्रा नगर्न पदयात्रीलाई आग्रह गरेको छ ।

एक सूचना प्रकाशित गरी जिल्ला प्रशासन कार्यालय मुस्ताङले जल तथा मौसम विभागले बुधबारसम्म मौसम प्रतिकूल रहने बताएपछि मुस्ताङका उच्च हिमाली क्षेत्रमा पदयात्रा नगर्न अनुरोध गरेको हो ।

मुस्ताङका उच्च हिमाली क्षेत्रको मुस्ताङ-डोल्पा, पाँच हजार ८ सय मिटर उचाइको याकखर्क क्षेत्र, पाँच हजार ४ सय मिटर उचाइको मनाङ-मुस्ताङ थोरङ्लापास, छ हजार मिटर उचाइको मुस्ताङ-मनाङ सरिबुङ पास र मुस्ताङ-म्याग्दीको धौलागिरि पदमार्गको धम्पुस पिकलगायतका क्षेत्रहरुमा भारीदेखि हल्का हिमपात हुने विभागको प्रक्षेपण छ ।

त्यसैले उक्त क्षेत्र भएर पदयात्रा नगर्नु/नगराउनुहुन अनुरोध गरिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले बताए । सूचना अनुसार जिल्लाको अन्य भागमा समेत बुधबारसम्म हिमपात र वर्षाको सम्भावना रहेकाले पर्यटक तथा तीर्थयात्रीहरुले मौसम पूर्वानुमानसम्बन्धी जानकारी लिएर उच्च सतर्कताका साथ यात्रा गर्न समेत अनुरोध गरेको छ ।


**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Accountant - Male/ Female
Documentation Officer - Male/ Female

Salary Negotiable

**Requirements:**
★ Candidate should have knowledge in Computer office package and photoshop.

Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at ambeintnepal@gmail.com

AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.
Govt. Lic. No.: 1645/080/081
Samakhushi, Kathmandu, Nepal, Phone : +977 01 5904717



**साउदीमा रोजगार**

कम्पनी : BIN QURAYA COMPANY LTD
शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०७/०९
चलानी नं.: ६०२४६५०४
LT. No.:332763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ७१,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver | 10 | 0 | | 1800 | ६७,३२० | | | | | | | |
| 3. | Painter | 34 | 0 | | 1500 | ५६,१०० | | | | | | | |
| 4. | Steel Fixer | 30 | 0 | | 1500 | ५६,१०० | | | | | | | |
| 5. | Welder | 25 | 0 | | 1500 | ५६,१०० | | | | | | | |
| 6. | Carpenter | 30 | 0 | | 1500 | ५६,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कत्तिक १८ गते (4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sky Star Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, PO Box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

मध्यान्ह
www.madhyanhadaily.com
११ कात्तिक २०८२ मंगलबार
28 October 2025 Tuesday

## सम्पादकीय

# छठले जोड्दै छ देश

केही दशकअघिसम्म मिथिला र भोजपुरा क्षेत्रमा मात्र सीमित छठ पर्व अहिले राष्ट्रिय पर्व बनेको छ । छठ पर्वको उल्लास मधेसबाट पहाड र हिमालसम्मै विस्तार भइसकेको छ । तराई–मधेसका नदीकिनारमा देखिने रौनक काठमाडौं उपत्यकामा भित्रिएकै वर्षौं भइसकेको छ । कुनैबेला रानीपोखरीमा सीमित छठ अहिले बागमती लगायत नदी किनारसम्म फैलिएको छ । मध्य तराईबाट फैलिँदै केही वर्षयता छठ पश्चिम तराईसम्मै पुगेको छ, पहाड उक्लिएको छ । छठ संस्कृतिमा हुर्किएको समुदाय अब छठ मनाउन मधेस जानुपर्दैन । जो जहाँ बसेको छ, त्यहीँ मनाउने उल्लासमय वातावरण बन्दै छ । काठमाडौं र पहाडी भेगमा पनि मधेसमा जस्तै धुमधामसाथ छठ पर्व मनाउन थालिएको छ । छठको सांस्कृतिक विस्तारले सिंगो देशलाई जोड्दै गएको छ ।

छठलाई पवित्र पर्व मानिन्छ । यस पर्वमा सूर्य र उनको देवी रूप उषाको छठी मैयाँका रूपमा पूजा गरिन्छ । मुख्य पूजा षष्ठी तिथिमा गरिने हुनाले यस पर्वलाई छठ, छैठ, छइठ र छठी भनिँदै आएको छ । यस पर्वमा चार दिनसम्म कठिन उपवास बस्ने गरिन्छ । छठमा शुद्धतालाई विशेष महत्व दिइन्छ । पूजा गर्ने घरका ज्येष्ठ र स्वस्थ महिला मात्र होइन, पूजाआजा तथा प्रसाद तयार पार्ने व्यक्तिसमेत एक महिनाअघिदेखि माछामासु, लसुन र प्याजजस्ता तामसी भोजन त्यागेर पूजाको तयारी गर्छन् । छठ पर्व मान्ने नेपाल र भारतका विभिन्न भूगोलपिच्छे भिन्दाभिन्दै लोककथा छन् । पर्वको खास महत्व भनेको महारोगबाट मुक्ति, पीडाबाट निजात, सन्तान सुख, परिवार, समाज र मानव जातिको हितलाई मानिन्छ । साथै, सम्पूर्ण पृथ्वीलाई अन्धकारबाट छुटकारा दिने भएकाले सूर्यको उपासना गर्ने गरिएको हो । छठ मान्दा मनोकामना पूरा हुने विश्वास छ ।

पर्व, संस्कृति र परम्पराले समाजलाई जोड्छ, शान्ति र सद्भावको सन्देश दिन्छ । पछिल्ला वर्षहरूमा छठ पनि त्यस्तै पर्व भएको छ, जसले जुनसुकै भूगोल, जाति वा समुदायलाई जोड्दै गएको छ । यसले राष्ट्रिय एकता प्रवर्धन गर्न र भावनात्मक सम्बन्ध विस्तारमा समेत टेवा पुर्‍याइरहेको छ । त्यस अर्थमा छठ मधेसी र पहाडी मनोविज्ञानलाई जोड्ने सेतु बन्दै गएको छ ।

# जेनजी आन्दोलन र पुराना दलमाथिको चुनौती

*देशलाई बलियो, पारदर्शी र उत्तरदायी बनाउन अब नयाँ सोचको नेतृत्व चाहिन्छ । जसले युवा पुस्ताको विश्वास जित्न सकोस्, जसले शासनलाई शक्ति होइन, सेवा ठानोस् ।*

अग्रलेख



● ईश्वर बुढाथोकी

नेपालको राजनीतिक धरातल हाल एक नयाँ मोडमा प्रवेश गरेको छ, जहाँ सत्ताका पुराना सूत्रहरू, दलका पुराना अभ्यास र नेतृत्वका पुराना सोच युवा पुस्ताले प्रत्यक्ष प्रश्न गर्न थालेका छन् । यो पुस्ता हो, 'जेन-जी' अर्थात् उत्तरआधुनिक युगमा जन्मिएका, विश्वका प्रवृत्तिहरूमा जोडिएका, प्रविधि र सञ्जालका माध्यमबाट सोच्ने र प्रतिवाद गर्ने पुस्ता । यो पुस्ता राजनीतिक आदर्शका ठुला भाषणभन्दा पनि व्यवहारका परिणामहरूलाई विश्वास गर्छ । जसले विगत दुई दशकमा दलहरूले दोहोर्‍याउँदै आएका वाचा र प्रतिबद्धताका खाली खोल देखेको छ । संविधान र कानुनका नाममा भ्रष्टाचार, नातावाद र असक्षमता ढाकछोप गरिँदा उनीहरूमा आक्रोश जाग्नु स्वाभाविक थियो ।

जेनजीको आन्दोलन कुनै एक दलको विरोध वा कुनै नारा मात्र थिएन, यो त बिस्तारै थिचिँदै गएको युवा चेतनाको विस्फोट थियो । उनीहरूले सडकमा देखाएको शान्तिपूर्ण प्रदर्शन देशमा दसकौंदेखि थिचिएको असन्तुष्टिको अभिव्यक्ति थियो । तर दुर्भाग्यवश, सरकारले समयमै बुद्धिमत्ता देखाउन सकेन, जसको परिणामस्वरूप ठुलो मानवीय क्षति र राष्ट्रिय सम्पत्तिको विनाश भयो । यो केवल राजनीतिक असफलता होइन, राज्य संयन्त्रकै असंवेदनशीलताको प्रतिफल थियो ।

सत्तामा बस्नेहरूले आन्दोलनलाई सुरुवातमै गम्भीरतापूर्वक लिएर संवाद खोजेका भए, घुसपैठकारी तत्वहरूले मौका पाउने थिएनन् । बरु असन्तुष्ट युवाहरूलाई देश विकासमा सहभागी गराउन सकिन्थ्यो । तर यहाँ त ठुला दल आफ्नै सत्ता समीकरणमा रमाइरहेका थिए, जसले देशलाई संकटको दिशातिर धकेल्यो ।

जेनजी पुस्ता अब केवल 'टिकटक बनाउने' वा 'सोसल मिडियामा रमाउने' पुस्ता होइन भन्ने कुरा यो आन्दोलनले स्पष्ट गर्‍यो । उनीहरू विश्व नागरिक हुन्- जो नेपालका सिमानाभित्र रहेर पनि विश्वका हरेक राजनीतिक रूपान्तरणमा सहभागी अनुभूति गर्छन् । जब उनीहरूको सञ्जाल, अभिव्यक्ति र स्वतन्त्रतालाई प्रतिबन्ध लगाइन्छ, त्यसको प्रतिवाद पनि उनीहरूले विश्वस्तरीय ढंगले गर्छन् । यो पुस्ता मूलतः व्यवहारवादी छ । उसले नेताहरूको भाषणभन्दा तिनको आचरण मापन गर्छ । दसकौंदेखि दलहरूले 'सफा शासन', 'शून्य भ्रष्टाचार' र 'नयाँ नेपाल'का नारा दिए तर व्यवहारमा तिनै दलका नेताहरू अनियमितता र व्यक्तिगत लाभमा लिप्त रहे । जेनजीले यो दोधार देख्यो र सोध्यो- के देश केवल नारा र वाचा बाँड्ने मञ्च हो ?

जेनजीको आक्रोशको मूलमा असमानता, बेरोजगारी र भ्रष्टाचार छन् । उनीहरूलाई लाग्छ, नेपाल प्राकृतिक स्रोतसाधनले धनी छ तर नेतृत्वको लोभ र स्वार्थले देश गरिब बनाएको छ । उनीहरूले देखे, आफूभन्दा अगाडिका पुस्ता वैदेशिक रोजगारीमा गएर देश छोड्न बाध्य भए । त्यसै मार्गमा आफू पनि हिँड्नुपर्ने भविष्य देख्दा उनीहरू असहज भए र अन्ततः सडकमा ओर्लिए । त्यो आन्दोलन अल्पकालीन थियो तर त्यसले सत्ता र पुराना दलहरूमा गहिरो धक्का दियो । जनताको चेतना फेरि जाग्यो, नेताहरूले आत्ममूल्यांकन गर्न बाध्य भए । जेनजी आन्दोलनले सन्देश दियो- जनताको सहनशीलता अनन्त हुँदैन, जब नेतृत्व अकर्मण्य हुन्छ, परिवर्तनको लहर अनिवार्य बन्छ ।



जेनजी आन्दोलनले अर्को महत्वपूर्ण पाठ पनि दियो- लोकतन्त्रमा नेतृत्व दलको आशीर्वादले होइन, जनताको विश्वासले तय हुन्छ । अब कुनै पनि निर्वाचनमा उम्मेदवार जनमुखी निष्ठा, इमानदारी र लोकप्रियताका आधारमा छनोट हुनुपर्छ । नातावाद र पैसाको बलमा टिकट बाँड्ने पुरानो चलन अब टिक्दैन भन्ने चेतावनी यो आन्दोलनले दिएको छ ।

नेपालको राजनीतिक इतिहास हेर्दा, २०१५ र २०४८ सालको पहिलो निर्वाचनमा केही हदसम्म इमानदार र निष्ठावान् उम्मेदवारहरू अगाडि आएका थिए । तर २०५१ सालपछिका चुनावहरूमा आफन्तवाद, पैसाको खेल र नेताको तजबिजले दलहरूभित्र नै लोकतन्त्र हरायो । जेनजी आन्दोलनले त्यस संस्कृतिलाई नै चुनौती दिएको छ, नेता भक्ति र दल भक्ति ठुलो होइन ।

यस आन्दोलनको अर्को गहिरो सन्देश छ- राजनीति अब धनसञ्चयको माध्यम होइन, सेवाको माध्यम हुनुपर्छ । राजनीतिज्ञको सम्पत्ति पारदर्शी हुनुपर्छ, मिहिनेत र वंशजको कमाइबाहेक बाँकी सम्पत्ति राष्ट्रको नाममा फिर्ता गर्नुपर्छ भन्ने आवाज यो पुस्ताबाट उठ्नु अनौठो होइन । जेनजी पुस्ताले केवल प्रश्न गरेको छैन, उनीहरूले नैतिकताको नयाँ मानक पनि देखाएका छन् । उनीहरूले देखाएका शान्तिपूर्ण प्रदर्शन, अनुशासन र नागरिक चेतनाले नेपालको लोकतान्त्रिक आन्दोलनको रूपरेखा नै बदल्ने संकेत दिएको छ । यो आन्दोलनले देखाएको बाटो भावी राजनीतिका लागि नैतिक दिशानिर्देश बन्न सक्छ ।

अब जिम्मेवारी पुराना दल र नेताहरूको हो, उनीहरूले यो चेतनालाई बेवास्ता गर्ने दुस्साहस गर्नुहुँदैन । यदि दलहरूले यो सन्देश नबुझे, आत्ममूल्यांकन नगरे र पार्टी शुद्धीकरणको बाटो नअपनाए, इतिहासले तिनलाई किनारा लगाइदिनेछ । हामीले गणेशमान सिंह, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, कृष्णप्रसाद भट्टराईजस्ता नेता देख्यौं, जसको राजनीतिमा इमानदारी र निष्ठा थियो । तर ती गुणहरू पछि पुस्तामा हराउँदै गए । जेनजी आन्दोलनले अब त्यस इमानदारीको पुनरुत्थानको माग गरेको छ । राजनीतिक दलहरूले अब एकअर्कालाई सिध्याउने संकीर्ण मनोभावमा उल्झिएर होइन, आत्मसुधारको बाटो रोज्नुपर्छ । जसरी वैज्ञानिकहरूले गल्तीबाट सिकेर नयाँ खोज गर्छन्, राजनीतिले पनि जनताको असन्तुष्टि र आक्रोशलाई सुधारको अवसरका रूपमा लिनुपर्छ ।

लोकतन्त्रमा आन्दोलन दोष होइन, यो त सुधारको माध्यम हो । जेनजी आन्दोलनले लोकतन्त्रको विकल्प अधिनायकवाद होइन, सुधारिएको लोकतन्त्र हो भन्ने सन्देश दिएको छ । अब जिम्मेवारी दल र राज्यका निकायहरूको हो, यो चेतनाको लहरलाई दमन होइन, सम्बोधन गर्ने उपाय खोजिनुपर्छ ।

देशलाई बलियो, पारदर्शी र उत्तरदायी बनाउन अब नयाँ सोचको नेतृत्व चाहिन्छ । जसले युवा पुस्ताको विश्वास जित्न सकोस्, जसले शासनलाई शक्ति होइन, सेवा ठानोस् । जेनजी आन्दोलनले हामी सबैलाई एउटा स्पष्ट चेतावनी दिएको छ- यदि नेतृत्वले समयमै आफूलाई सुधार्न सकेन भने इतिहास फेरि नयाँ पुस्ताको हातबाट लेखिनेछ । र त्यो इतिहासमा भ्रष्टाचार, नातावाद र स्वार्थका लागि ठाउँ हुनेछैन ।

## इतिहासमा आज

२८ अक्टोबर २०१४ मा भर्जिनियाको वालोप्स आइल्यान्डमा रहेको मिड-एट्लान्टिक क्षेत्रीय अन्तरिक्ष केन्द्रबाट अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनका लागि उडान भरेको केही सेकेन्डमै नासाको सिग्नस सीआरएस ओर्ब-३ विस्फोट भएको थियो ।



२८ अक्टोबर २००७ मा क्रिस्टिना फर्नान्डेज डे किर्चनर अर्जेन्टिनाको पहिलो प्रत्यक्ष निर्वाचित महिला राष्ट्रपति बनेकी थिइन् ।



२८ अक्टोबर १९९५ मा अजरबैजानको राजधानी बाकुको मेट्रोमा आगलागी हुँदा २ सय ८९ जनाको मृत्यु र २ सय ७० जना घाइते भएका थिए ।



२८ अक्टोबर १९९० मा सोभियत शासनपछि जर्जियामा स्वतन्त्र चुनाव भएको थियो ।



# तरुण दलबाट खोजिएको भूमिका

विचार



● नारायणबहादुर बस्नेत

*नेपाल तरुण दलको स्थापना राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवादको रक्षा गर्दै युवालाई जिम्मेवार नेतृत्वमा उतार्ने उद्देश्यसाथ भएको थियो । तर आज त्यो उद्देश्य स्मृतिमा सीमित हुन थालेको छ ।*

यही भदौ २३ र २४ गते जेनजीका युवाहरूले देशभर आक्रामक आन्दोलन गरे । युवालाई राष्ट्रको राजनीतिको हरेक तह र स्तरमा स्थान नदिँदाको प्रत्यक्ष परिणाम थियो, त्यो आन्दोलन । यही घटनाले राष्ट्रलाई ठुलो क्षति पुर्‍यायो, जसको पुनर्निर्माण गर्न अबका ५० वर्ष लाग्ने अनुमान गरिएको छ । यसले फेरि एकपटक स्मरण गराउँछ- २०१० साल कात्तिक १० गते विश्वेश्वरप्रसाद कोइरालाले युवालाई राजनीतिको अग्रभागमा राख्नुपर्ने ठानेर सिंहध्वज खड्काको अध्यक्षतामा 'नेपाल तरुण दल' गठन गरेका थिए । युवालाई राजनीतिको मूलधारमा ल्याउनुपर्छ भन्ने सोच त्यसै समयका समाजवादी नेतामा थियो र पहिलो जननिर्वाचित प्रधानमन्त्रीको यो दूरदृष्टिपूर्ण विचार आज पनि उत्तिकै सान्दर्भिक छ ।

नेपाल तरुण दल नेपाली कांग्रेसको आधिकारिक युवा संगठन हो । यसको स्थापना २०१० साल कात्तिक १० गते तत्कालीन नेपाली कांग्रेसका प्रमुख नेता बिपी कोइरालाको अग्रसरतामा भएको हो । तरुण दलको पहिलो अध्यक्ष सिंहध्वज खड्का थिए । संगठनको उद्देश्य स्पष्ट थियो– राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवादको संरक्षण गर्दै युवालाई चेतनशील, सचेत र जिम्मेवार बनाउँदै पार्टीको वैचारिक धारमा प्रशिक्षित गर्ने ।

संगठनको स्थापना केही वर्षपछि नेपाली राजनीतिमा ऐतिहासिक मोड आयो । २०१७ साल पुस १ गते नेपाल तरुण दलको कार्यक्रममै बोल्दै गर्दा तत्कालीन प्रधानमन्त्री बिपी कोइरालालाई तत्कालीन राजा महेन्द्रले 'कु' गरे । उनले संविधान निलम्बन गरी निर्वाचित सरकारलाई अपदस्थ गर्दै निरंकुश पञ्चायती व्यवस्थाको सुरुवात गरेका थिए । जहाँ संगठनले लोकतन्त्र र नागरिक स्वतन्त्रताको पक्षमा पहिलोपटक राज्यद्वारा प्रताडित हुनुपर्‍यो । त्यो व्यवस्था अन्ततः ३० वर्षपछि २०४६ चैत २६ गते जनआन्दोलनमार्फत अन्त्य गरियो । जसमा तरुण दलका युवाहरूको सशक्त सहभागिता रह्यो । पञ्चायती व्यवस्थाका केन्द्रदेखि गाउँ तहसम्मका संरचना भंग गरिएर बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो ।

तरुण दललाई यदि कांग्रेस नेतृत्वले २०४८ सालपछिको बहुदलीय लोकतन्त्र पुनर्स्थापनापश्चात् प्रभावकारी रूपमा प्रयोग गर्न सकेको भए, मुलुकको युवा राजनीति आज यो अवस्थामा पुग्ने थिएन । तर गुटबन्दी, गुटअनुसारको नियुक्ति, आन्तरिक स्वार्थ र योग्यताको उपेक्षाले संगठनको उद्देश्य धुमिल बन्यो । राजनीति मूल बाटोमा डोरिनुको सट्टा गुटगत वर्चस्वको मैदान बन्यो र त्यसले युवा नेतृत्व उत्पादन गर्ने 'पाठशाला' भन्ने पहिचान समाप्त पार्‍यो ।

संस्थागत रूपमा यो संगठन सशक्त बन्दै जाँदा प्रतिगामी शक्तिहरूबाट प्रहार पनि बढ्यो । राणा-राजतन्त्रकालीन संरचना भत्काउन खोज्दा र पञ्चायत विरोधी आन्दोलनमा युवाको ठुलो सहभागिता बढ्दा सत्ता पक्षले नै यस संगठनलाई कमजोर बनाउने प्रयास गर्‍यो । बहुदलपछिको युगमा पनि यो संगठनमा गुटगत विभाजन हाबी भयो । क्षमताको मूल्यांकनभन्दा गुटको वरिपरि घुम्ने प्रणालीले संगठनमा गतिशीलता घटायो । जसले गर्दा तरुण दल 'युवा नेतृत्वको पाठशाला'को सट्टा 'गुटगत नियुक्तिको मञ्च' बन्न पुग्यो ।

हाल देशको वास्तविक अवस्था हेरौं, अधिकांश युवा वैदेशिक रोजगारीमा छन् । खाडी मुलुकहरूमा पसिना बगाइरहेका तिनै युवाले पठाएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्र चलायमान छ । प्लस टु पास गरेका युवायुवतीहरू पिआर पाउने देशतिर लागेका छन् । धेरैले पिआर पाएपछि नेपालमा रहेको आफ्नो जमिनसमेत बिक्री गरेर उतै लगेको तथ्यहरू सार्वजनिक छन् । यसरी हेर्दा नेपालबाट युवाशक्ति लोप हुने अवस्थामा पुगेको छ । बाँकी रहेका युवामा क्षमताको कमी छैन तर उत्साहको अभाव छ, अवसरको अभाव छ र सही मार्गनिर्देशनको पूर्ण अभाव छ ।

अब नेपाली कांग्रेसले फेरि एकपटक एकलौटी सरकार बनाउने अवस्था देखिँदै छ । यो अवसरलाई नेतृत्वदायी पुनर्जागरणका रूपमा उपयोग गर्न सकिएन भने युवा पुस्ता सधैंका लागि राजनीतिप्रति वितृष्णावादी बन्न सक्छ । त्यसैले अब युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न दीर्घकालीन राष्ट्रिय नीति आवश्यक छ । तरुण दलजस्ता संगठनलाई गुटगत सञ्जालमुक्त गर्दै युवाहरूलाई सोच, दृष्टिकोण र क्षमताअनुसार नेतृत्वदायी भूमिकामा ल्याउनुपर्छ ।

२०४८ सालपछिका गल्तीहरूसँग आत्ममन्थन गर्दै कांग्रेसले आफ्ना सहायक संगठनहरूलाई केवल प्रचार माध्यम होइन, नीति कार्यान्वयन र सुझावदाताको भूमिकामा उतार्नुपर्छ । नयाँ विचार, नयाँ जोस र निडर नेतृत्व दिने युवाहरूलाई अघि ल्याएर संगठनमा भरोसा र गतिशीलता फिर्ता ल्याउनुपर्छ ।

नेपाल तरुण दलको स्थापना राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवादको रक्षा गर्दै युवालाई जिम्मेवार नेतृत्वमा उतार्ने उद्देश्यसाथ भएको थियो । तर आज त्यो उद्देश्य स्मृतिमा सीमित हुन थालेको छ । यदि कांग्रेसले फेरि एकपटक प्राप्त गर्न लागेको जनमतको अवसरलाई दक्ष युवा नेतृत्व उत्पादन गर्ने दिशामा प्रयोग गर्न सकेन भने यो पुस्ताको ऊर्जा सधैं वैदेशिक पलायनमै सीमित हुनेछ ।

तर अझै ढिलो भइसकेको छैन । तरुण दलको पूर्ण पुनरावलोकन, संगठनात्मक सुधार र भविष्य-केन्द्रित नेतृत्व विकासको खाँचो झनै बढेको छ । आजको यथार्थ बुझेर, नेतृत्व चयन क्षमताका आधारमा गर्दै, युवालाई राष्ट्र निर्माणमा सक्रिय बनाउनु नै तरुण दलको वास्तविक पुनर्जागरण हुनेछ ।

## सामाजिक सञ्जाल



गोकुलप्रसाद बास्कोटा

कुलमान एमडी भए पनि मन्त्री भए पनि ऊर्जा खपत बिल विवाद कानुन र महसुल निर्धारण आयोगको निर्णयबाहेक अरू हिसाबले हुन सक्दैन । सहुलियत लिने दिने कुरा होइन, खपतको मूल्य तिर्न र लिन पर्छ । खपतको बिल प्राधिकरणले खपतकर्तालाई उपलब्ध गराउन नसकुन्जेल विवाद हल हुने देखिँदैन । थप स्टन्ट बेकार हुन् ।



रमेश कुमार

सार्वजनिक र निजी सम्पत्ति जोगाउन छुट्टै ऐन नै चाहिन्छ जस्तो लाग्छ । विद्यार्थी संगठनका नाममा सरकारी सवारीलाई पोल्ने क्रम दसकौंदेखि चलिआएको थियो, छुट दिँदै आइयो । भवन पनि जलाउने अभ्यास संस्थागत हुने डर भयो अब । सम्पत्ति नास गर्नेलाई उत्तरदायी बनाउनुपर्छ ।



हरि रोका

साढे ३ दशकमा हाम्रो शिक्षा र सामाजिक क्षेत्रको (मानवीय पुँजी विकास भन्ने गरिन्छ) विकास कस्तो भएछ ? निश्चित प्रयोजनका लागि निर्मित मन्त्रिमण्डल राष्ट्रिय मानक ठान्ने हो भने मुलुकको न्यायिक, संवैधानिक, सुरक्षा यही मानकको आधारमा गठन भएका होलान् । गजब विकसित हाम्रो राष्ट्रिय हैसियत ।



रञ्जित तामाङ

७६ जना नागरिकलाई कुनै सरकारी भवन वा निजी घरले मारेको थिएन । त्यसैले हिसाब तत्कालीन शासक ओली र लेखकहरूसँग खोजौं, बरु समय अझै बाँकी छ । सरकारी भवन र निजी घर जलाउनुलाई स्वाभाविक मान्ने मूर्खहरूले आफ्नै घर वा आफू पीडित अदालती मिसिल जलेको भए यसैगरी 'भवन र घर पछि बनाउन सकिन्छ' भन्थ्यो र ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# ‘नेपाल कम्युनिस्ट पार्टी नै अबको विकल्प’

**सूर्य प्रकाश बुढा मगर / मध्यान्ह**
रोल्पा, १० कात्तिक

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का केन्द्रीय पोलिटब्युरो सदस्य चुडामणि ओली (आदर्श सी)ले अबको विकल्प नेकपा भएको दाबी गरेका छन् ।

समाज परिवर्तन युवा समूह, परिवर्तन गाउँपालिका-३, तल्लो केवरी, रोल्पाको १२औं वार्षिक उत्सव उद्घाटन समारोह सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । आदर्श सीले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सुध्रिनुपर्ने बताए ।

उनले भने,‘कांग्रेस, एमाले र माओवादी केन्द्रका केही नेता-कार्यकर्ता इमानदार छन्,तर शीर्ष नेतृत्वका कारण देश बर्बाद भएको छ । जनताका छोराछोरीले पढ्न, स्वास्थ्य सेवा पाउन र रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता छ ।’



उनले हालैको सुनकाण्ड, भ्रष्टाचार र नेतृत्वको गैरजिम्मेवारीले जनता निराश भएको उल्लेख गरे । ‘रोल्पाका नेताहरू झन् बिग्रेका छन् । अब नेतृत्व नेकपाले लिनुपर्छ,’उनले भने । आदर्श सीले प्रचण्ड, ओली, देउवा, माधवकुमार नेपाल र झलनाथ खनालको विकल्प नभएर नेत्रविक्रम चन्द (विप्लव) को नेतृत्व आवश्यक रहेको जिकिर गरे ।

उनले थपे,‘कांग्रेसका कार्यकर्ताले समाजवादबाट सुख-समृद्धि आउने अपेक्षा राखेका छन् । माओवादी र एमालेका कार्यकर्ताले कम्युनिस्ट व्यवस्थाबाट रोजगारी, शिक्षा र स्वास्थ्य सुविधा पाइने विश्वास गरेका थिए । तर,शीर्ष नेतृत्वको भ्रष्टाचार र गैरजिम्मेवारीले जनताको विश्वास टुटेको छ ।’ आदर्श सीले रोल्पाबाट पटक-पटक मन्त्री बनेका नेताहरू कृष्णबहादुर महरा, नन्दबहादुर पुन, वर्षमान पुन, ओनसरी घर्ती, जयपुरी घर्ती, कुलप्रसाद केसी, तारा घर्ती, जोखबहादुर महरा र दीपेन्द्रकुमार पुनले समेत जिल्लाको विकासमा ध्यान नदिएको आरोप लगाए ।

‘रोल्पाले तीनपटक अर्थमन्त्री पाउँदा पनि बजेट ल्याउन सकेन । शहीद मार्ग अझै राम्रो बन्न सकेको छैन,’ उनले भने ।

नेताहरू विदेशी शक्तिसँग बिक्री भएको र जनताको हितमा काम गर्न नसकेको उनको भनाइ छ । ‘नेपाली जनताले अमेरिका र भारतको दलाली रुचाउँदैनन् । अब नेकपाले जनताको नेतृत्व गर्नेछ,’उनले जोड दिए ।

# धैर्यताको बाँध अझै पनि टुटेको छैन : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, १० कात्तिक

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जेन-जी आन्दोलनको नाममा भएका घुसपैठ, तोडफोड र आगजनीका घटनामा संलग्न व्यक्तिहरूलाई अविलम्ब कानुनी कठघरामा उभ्याउनुपर्ने बताएका छन् ।




नेकपा (एमाले) अर्घाखाँचीले सोमबार आयोजना गरेको बृहत् सद्भाव र्‍यालीपछि सन्धिखर्कमा सम्पन्न कोणसभालाई सम्बोधन गर्दै एमाले केन्द्रीय सदस्य समेत रहेका मुख्यमन्त्री आचार्यले प्रशासनले कारबाहीमा ढिलाइ गरेको भन्दै ध्यानाकर्षण गराएका थिए । उनले भने,‘धैर्यताको बाँध अझै टुटेको छैन । कानुनी शासनमा विश्वास राख्ने हाम्रो मान्यता हो । तर, तोडफोड र आगजनीमा संलग्नहरूलाई अविलम्ब कारबाही गरिएन भने धैर्यताको बाँध टुट्नेछ । धैर्यताको बाँध टुटे जनताले नै कारबाही थाल्नेछन् ।’

आचार्यले संविधान, राष्ट्रिय स्वाभिमान र स्वाधीनताको पक्षमा लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा उभिनुपर्ने आवश्यकता रहेको बताउँदै भने,‘संविधानको रक्षा र राष्ट्रिय एकताका लागि सबै लोकतान्त्रिक शक्तिहरू एकजुट हुन जरुरी छ ।’

उनले अर्घाखाँची अझै पनि एमालेको बलियो किल्ला रहेको र पार्टी संगठन अझ सुदृढ बन्दै गएको उल्लेख गर्दै जनताको साथ, विश्वास र समर्थनले एमाले पुनः सबल हुँदै गएको बताए ।

कार्यक्रममा नेकपा (एमाले) पोलिटब्युरो सदस्य सूर्य थापाले जनताको बलमा प्रतिनिधि सभा पुनःस्थापना हुने विश्वास व्यक्त गरे । उनले भने,‘हामीले दुईवटा निर्णय गरेका छौं । पहिलो, प्रतिक्रान्तिलाई परास्त गर्न जनआन्दोलन र जनशक्तिको बलमा प्रतिनिधि सभा पुनःस्थापना गर्ने, दोस्रो, जनताको शक्तिको बलमा संविधानलाई पुनः लयमा फर्काएर यो देशलाई जनताद्वारा बनाइएको संविधानबाट शासित बनाउने ।’

थापाले अहिलेको परिस्थिति अस्थिर र अराजक रहेको बताउँदै संविधानले नचिनेका, जनताले नचिनेका व्यक्तिहरू प्रधानमन्त्री र मन्त्री बनेको आरोप लगाए । उनले भने,‘यो रुल अफ ल होइन, यो हुल अफ ल मुर्दावाद, हामी कानुनी शासनको पक्षमा छौं ।’

कार्यक्रम नेकपा (एमाले) अर्घाखाँचीका अध्यक्ष पिताम्बर भुसालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा केन्द्रीय सदस्य बोमबहादुर विश्वकर्माले सम्बोधन गर्दै देशमा शान्ति, स्थिरता र कानुनी शासनको अभाव रहेकोले वर्तमान सरकारले चुनाव गराउन नसक्ने बताए ।

उनले भदौ २३ र २४ गते जेन-जी आन्दोलनको नाममा अराजकता फैलाउने काम भएको भन्दै असंवैधानिक सरकारले जनताको अधिकारमा खेलबाड गरेको आरोप लगाए ।

विश्वकर्माले भने,‘निर्वाचन आयोगले फागुन २१ गतेका लागि निर्वाचन मिति घोषणा गरिसकेको छ । हाम्रो पार्टी फेरि उठ्नेछ, फेरि जित्नेछ । तर, शान्ति र सुरक्षाको प्रत्याभूति नहुँदासम्म स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्भव छैन ।’ संविधानको रक्षा, राष्ट्रिय एकता र सामाजिक सद्भावका लागि निकालिएको उक्त बृहत् सद्भाव र्‍यालीमा जिल्लाका विभिन्न स्थानीय तहहरूबाट नेताकार्यकर्ता, जनप्रतिनिधि, एवम् शुभेच्छुकहरूको सहभागिता रहेको थियो ।

# संखुवासभामा सेना, सशस्त्र र प्रहरीको संयुक्त सुरक्षा गस्ती



**संखुवासभा / मस–** जेनजी आन्दोलनपछि उत्पन्न भएको सुरक्षा चुनौती र चाडपर्वको चहलपहललाई मध्यनजर गर्दै संखुवासभामा संयुक्त सुरक्षा गस्ती सुरु गरिएको छ ।

नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले जिल्लाका मुख्य बजार क्षेत्रहरूमा एकसाथ पैदल तथा मोबाइल गस्ती थालेका हुन् ।

जिल्लाका खाँदबारी, तुम्लिङटार, चैनपुरलगायत बजार क्षेत्रमा विगत केही दिनयता संयुक्त टोलीको सक्रिय उपस्थिति देखिएको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीका अनुसार पछिल्ला राजनीतिक गतिविधि, आन्दोलन र भीडभाडका कारण सुरक्षामा थप चुनौती देखिएकाले सहकार्यमा संयुक्त गस्ती निगरानी बढाइएको हो ।

‘जिल्लामा शान्ति र सुरक्षाको अवस्था सुदृढ गर्न सबै सुरक्षा निकाय एकताबद्ध भएर काम गरिरहेका छौं’ उनले भने, ‘मुख्य सडक, भीडभाड हुने स्थान, बसपार्क, बजार, बैंक तथा सरकारी कार्यालय वरपर निगरानी बढाइएको छ, सुरक्षा निकायका अनुसार यस्तो संयुक्त गस्तीले आपराधिक गतिविधि नियन्त्रण, चोरी, डकैती, झैझगडा तथा अवाञ्छित समूहको गतिविधि रोक्न सहयोग पुग्ने विश्वास गरिएको छ ।’

स्थानीयवासीले संयुक्त सुरक्षाबलको उपस्थिति देखिएपछि बजार क्षेत्र थप सुरक्षित महसुस भएको प्रतिक्रिया दिएका छन् । सेना र प्रहरीसँगै बजार गस्ती गर्दा वातावरण सुरक्षित महसुस हुन्छ, यस्तो पहल निरन्तर हुनुपर्ने खाँदबारीका व्यवसायी हिमाल श्रेष्ठ बताउँछन् । सुरक्षा स्रोतका अनुसार चाडपर्वमा भीडभाड बढ्ने सम्भावना भएकाले गस्तीलाई राति पनि निरन्तर गर्ने तयारी भइरहेको छ ।

# रुकुम पश्चिममा परम्परागत पानीघट्ट लोप हुने अवस्थामा

**प्रचण्ड खत्री / मध्यान्ह**
रुकुम पश्चिम, १० कात्तिक

एक समय थियो, रुकुम पश्चिमका गाउँहरूमा पानीघट्टमा पीठो पिस्न स्थानीयको भीड लाग्थ्यो । विशेषगरी शनिबारको बिदाको दिन गाउँका पानीघट्टहरू ‘जाम’ हुन्थे । बिहानदेखि साँझसम्म जौ, फापर, गहुँ, मकैजस्ता रैथाने बाली पिसेर पीठो बनाउने र घर फर्कने चलन थियो । तर अहिले आधुनिक प्रविधिको विकास र विद्युतीय पहुँचले यी परम्परागत पानीघट्ट लोप हुने अवस्थामा पुगेका छन् ।



बाँफिकोट गाउँपालिकाका स्थानीय बमबहादुर केसीका अनुसार, खोला र सिँचाइ कुलोको पानीबाट चल्ने यी घट्टहरूले गाउँको परम्परागत जीवनशैलीलाई जीवन्त राखेका थिए । पानीघट्टबाट पिसिएको पीठोले खानामा विशेष स्वाद थप्ने गरेको स्थानीयको अनुभव छ । तर विद्युतीय घट्टको सहज उपलब्धता र प्रविधिको तीव्र विकासले यी परम्परागत पानीघट्ट विस्थापित हुँदै गएका छन् । ‘पहिला पानीघट्टमा पीठो पिस्नु गाउँको संस्कृति नै थियो, तर अहिले बिजुलीबाट चल्ने घट्टले गर्दा पानीघट्ट बन्द हुन थालेका छन्,’मुसिकोट नगरपालिका-१ का हरिबहादुर खड्काले भने । उनले स्थानीय सरकारसँग पानीघट्ट संरक्षणका लागि पहल गर्न अनुरोध गरे ।

रुकुम पश्चिमका गाउँहरूमा उत्पादन हुने रैथाने बालीको पीठो बनाउन पानीघट्ट उपयुक्त मानिन्छ । तर, स्थानीय तहले विद्युतीय घट्टलाई प्रोत्साहन गर्दै सौलियतमा वितरण गरिरहँदा परम्परागत पानीघट्टप्रति कसैको ध्यान गएको छैन । परम्परागत संस्कृतिको हिस्साका रूपमा रहेका यी पानीघट्ट संरक्षणको अभावमा क्रमशः हराउँदै गएका छन् ।

स्थानीय संस्कृति र रैथाने बालीको प्रवर्द्धनका लागि पानीघट्टको संरक्षण आवश्यक रहेको स्थानीयको भनाइ छ । प्रविधिको विकाससँगै आधुनिकतातर्फ अघि बढे पनि यस्ता परम्परागत प्रविधिको जगेर्ना गर्न स्थानीय सरकार र समुदायले चासो दिनुपर्ने देखिन्छ ।

# झापामा रगत अभाव

**झापा / मस–** नेपाल रेडक्रस सोसाइटी झापाले जिल्लामा रगतको अभाव भएको जनाएको छ । जिल्लामा रहेका छवटा रक्तसञ्चार केन्द्रमा हाल २ सय पिन्ट मात्र रगत मौज्दात रहेको भन्दै रगत दान गरेर सहयोग गरिदिन व्यक्ति र संघसंस्थालाई आग्रह गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी झापाका अध्यक्ष लोकराज ढकालले लगातार भएका चाडपर्व र विपद्का कारण रगत अभाव भएकाले रक्तदानका लागि अपिल गरिएको बताए । उनले भने, ‘रक्तसञ्चार केन्द्रमा रगतको मौज्दात निकै कम भइसकेको छ । अस्पतालमा मिर्गौलाको डायलाइसिस गर्ने र अन्य बिरामीका लागि मात्र दैनिक एक सय पिन्ट रगत चाहिन्छ । हामीसँग दुई दिनलाई पुग्ने रगत मात्रै छ । त्यसैले रगत दानका लागि सबैलाई आग्रह छ ।’

अध्यक्ष ढकालले दसैं, तिहार, छठलगायत चाडपर्व र असोज १८ देखि २० गतेसम्मको वर्षा र विपद्ले निम्त्याएपछि रक्तदान कार्यक्रम हुन नसक्दा जिल्लामा रगतको अभाव भएको बताए । उनले जिल्लामा रगतको माग उच्च देखिएको बताउँदै १८ वर्षमाथिका रक्तदान गर्न योग्य व्यक्तिलाई नजिकै रहेका रक्तसञ्चार केन्द्रमा गएर स्वस्फूर्त रगत दानका लागि आग्रह गरे ।

अध्यक्ष ढकालले भने, ‘रगत माग्ने, खोज्ने मात्र होइन, आफूले पनि रक्तदान गरौँ र बिरामीलाई रगत लिन जाँदा जुनसुकै रक्त समूहको भए पनि दुई-तीन जना व्यक्ति रक्तदानका लागि लिएर जाने गरौं । हामीसँग सबै रक्त समूहका हजारौं दाताको सम्पर्क नम्बर छ ।

**जय अम्बे स्टील्स लिमिटेड**
का.म.न.पा.वडा नं.१२, टेकु, काठमाडौं

**तेस्रो वार्षिक साधारण सभा सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०७/११**

यस कम्पनीको मिति २०८२/०७/०९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण सञ्चालक सदस्यहरू, संस्थापक शेयरधनी महानुभावहरूलाई उपस्थितीको लागि पत्र पठाई सकेको व्यहोरा समेत अनुरोध गर्दै, उक्त पत्र प्राप्त नभएको खण्डमा यसै सूचनालाई आधार मानी उपस्थत भई सभाको गरिमा बढाईदिनु हुन विनम्र अनुरोध गर्दछौ ।

**साधारण सभा हुने मिति, समय र स्थान:**
मिति: २०८२/०८/०५ गते, शुक्रबार (तदनुसार २१/११/२०२५)
समय: बिहानको ११:०० बजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, टेकु, काठमाण्डौं ।

**छलफलका विषयहरु:-**
**क. सामान्य प्रस्तावहरु:**
१. सञ्चालक समितिको आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८१/०८२ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाहको विवरण सहितको लेखा परिक्षण प्रतिवदेन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. ०८२/०८३ को लेखापरिक्षण गर्नको लागी लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
**ख. विशेष प्रस्तवहरु:**
१. कम्पनी ऐन, २०६३ को दफा १०५ (ख) र (ग) बमोजिम बैंक ऋण र चन्दा उपहार अनुमोदन तथा स्विकृत गर्ने सम्बन्धमा ।
२. सञ्चालक समितिका निर्णयहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
**ग. विविध**

अध्यक्षज्यूको आज्ञाले
कम्पनी सचिव

**कुवेतमा रोजगार**
कम्पनी: NUTREEZE RESTAURANT COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ — चलानी नं.: ६०२३०४३५ — LT. No.: 316236 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६८,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 150 | ६८,६२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक १८ गते (4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BLUE OCEAN RECRUITMENT PVT. LTD.
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu — 4576215, 4591772
info@blueoceanmanpower.com — www.blueoceanmanpower.com
ISO Certified 9001:2015

**कतारमा रोजगार**
कम्पनी: FUTURE ENGINEERING COMPANY W.L.L. — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०७/०९ — चलानी नं.: ६०२४६४७३ — LT. No.: 332825

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 45 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 20 | 0 | | 1400 | ५३,८७२ | | | | | | | |
| 3. | Plumber | 20 | 0 | | 1100 | ४२,३२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक १८ गते (4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Maven Recruitment Services Pvt. Ltd. — Gov. Lic No. 1081/073/074
साविकको: Baby Star International Pvt. Ltd.
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np

**साउदीमा रोजगार**
कम्पनी : MEM AL-MUTQADMA FOR PROJECT MANAGEMENT — शहर: AL MADINNAH
पूर्व स्वीकृत मिति: २०८२/०६/३१ — चलानी नं.: ६०२४६४९४ — L.T. No.: 332557

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 3 | 0 | स. काममा दक्ष | 1300 | ४८,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक १८ गते (4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

High Quality Overseas Pvt.Ltd.
License No.: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168
981-5127328 | 985-1206728, Email: hiqualitynepal@gmail.com

**Kuwait मा रोजगार** United Beverages Company
पूर्व स्वीकृती मिति: २०८२/७/९ — चलानी नं. ६०२४६४५८ — LT No. : 332803

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labour Indoor | 100 | 0 | काममा दक्ष | 100 | ४५,७००/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता: २०८२ कार्तिक १८ गते (4 Nov., 2025) यस प्रा. लि. कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

Euro Asia H.R. Solutions Pvt. Ltd. — Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9860111396
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

**Kuwait मा रोजगारको अवसर** Al Boom Company For Facilities Security Services
पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/४/७ — चलानी नं.: ६०२४१३३४ — LT No.: 327485

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Indoor Cleaner | 20 | 0 | काममा दक्ष | 85 | ३८,८४०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ कार्तिक १८ गते (4 Nov., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

R. B. OVERSEAS PVT. LTD. — Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01-4971215, 4971043, 9801039446, 9801039447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

**कुवेतमा रोजगार**
कम्पनी : EFS FACILITIES SERVICES GENERAL TRADING & CONTRACTING — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०४/०८ — चलानी नं.: ६०२२२५६५ — L.T. No.:307865 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner(Indoor) | 49 | 40 | स. काममा दक्ष | 90 | ४१,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक १८ गते (4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Lulu International Pvt. Ltd. — Govt. Lic. No. 1035/072/073
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

**कतारमा रोजगार**
कम्पनी : SHAWARMA TAKSIM RESTURANT — शहर : QATAR,DOHA
पूर्व स्वीकृत मिति: २०८२/०७/०९ — चलानी नं.: ६०२४६४७२ — LT. No.: 332775

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 0 | 2 | | 1400 | ५३,८७२ | | | | | | | |
| 3. | Carpenter Bulding | 1 | 0 | | 1200 | ४६,१७६ | | | | | | | |
| 4. | Building Brick Mason | 4 | 0 | | 1200 | ४६,१७६ | | | | | | | |
| 5. | Dough Kneader | 5 | 0 | | 1300 | ५०,०२४ | | | | | | | |
| 6. | Cooker/ Cook | 4 | 0 | | 1500 | ५७,७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक १८ गते (4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145
Mobile No: 9813995098, 9851003367.

**कतारमा रोजगार**
कम्पनी: ROTOMECH TRADING AND SERVICES W.L.L. — शहर : Doha
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ — चलानी नं.: ६०२२४४३४ — L.T. No.:309813 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 2 | 0 | | 1000 | ३८,४८० | | | | | | | |
| 3. | General Cook | 8 | 0 | | 1500 | ५७,७२० | | | | | | | |
| 4. | Representative | 1 | 0 | | 2200 | ८४,६५६ | | | | | | | |
| 5. | Supervisior | 1 | 0 | | 2500 | ९६,२०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक १८ गते (4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

R.P. INTERNATIONAL CONSULTANCY P. LTD — श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gmail.com, Web.: www.rpinternational.com.np

# सरकारी निर्णयले ठप्प उद्योग व्यवसायमा सन्नाटा



शान्ति सुरक्षा नभई स्थायित्व नहुने, स्थायित्व नभई उद्यम व्यवसाय सञ्चालन हुन अब सक्दैन । उद्यम व्यवसाय सञ्चालन नहुँदा अर्थतन्त्रमै गम्भीर समस्या आउन सक्छ ।

**अन्जन श्रेष्ठ**
**कार्यवाहक अध्यक्ष,**
**नेपाल उद्योग वाणिज्य महासंघ**



निजी क्षेत्र आत्मविश्वास निकै कमजोर बन्दै गएको छ । शान्ति सुरक्षा कायम गरी स्थायित्वतर्फ लैजान र उद्योगी व्यवसायीहरूको मनोबल उठाउनेतर्फ कसैको ध्यान छैन ।

**शेखर गोल्छा**
**निवर्तमान अध्यक्ष,**
**नेपाल उद्योग वाणिज्य महासंघ**



निजी क्षेत्रका व्यवसायीले गरेको लगानीको सुरक्षा छैन । अहिलेको अवस्थामा व्यवसायमा आत्मबल धेरै नै घटेको छ । अर्कोतर्फ सञ्चालन रहेको उद्योगको लाइन काट्दा अन्योलता बढेको छ ।

**हेमराज ढकाल**
**उपाध्यक्ष**
**नेपाल उद्योग वाणिज्य महासंघ**



**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १० कात्तिक

अन्तरिम सरकारले निजी क्षेत्रका समस्या बुझ्न नचाहेको भन्दै व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् । भदौ २४ को विध्वंसमा लुटपाट, तोडफोड एवं आगजनीबाट ठुलो क्षति बेहोरेका व्यवसायीले अहिले पनि असुरक्षित महसुस गरिरहेका छन् । जसका कारण चाडपर्वपछि व्यवसायमा जुट्नुपर्ने निजी क्षेत्रमा सन्नाटा छाएको छ ।

सरकारको पछिल्लो निर्णयबाट आफूहरू फस्किएको व्यवसायीले बताएका छन् । आन्दोलनपछि उत्पन्न संकटबीच नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइन महसुलसम्बन्धी पुरानो विवादमा २६ वटा उद्योगको लाइन काटिदिएको छ । जसका कारण ठुला उद्योग बन्द भएका छन् । उद्योगमा विद्युत् लाइन काटिएपछि उद्योगका हजारौं कर्मचारी कामविहीन बन्न पुगेका छन् । यसले देशको अर्थतन्त्रमै प्रत्यक्ष असर पर्ने देखिएको छ ।

नयाँ सरकारको मुख्य टार्गेट उद्योग बन्द गर्ने देखिएको भन्दै लगानी जोखिममा परेको व्यवसायीको गुनासो छ । आइतबार बसेको नेपाल उद्योग वाणिज्य महासंघको बैठकले समेत देशमा लगानीको सुरक्षा र भविष्यमाथि चिन्ता व्यक्त गरेको छ । महासंघका कार्यवाहक अध्यक्ष अन्जन श्रेष्ठले शान्ति सुरक्षा नभई स्थायित्व नहुने, स्थायित्व नभई उद्यम व्यवसाय सञ्चालन हुन नसक्ने बताए ।

चुनावी सरकारले जेनजी आन्दोलनका क्रममा उद्योग, व्यवसाय र निजी सम्पत्तिमाथि भएको लुटपाट, तोडफोड र आगजनीको छानबिन, कारबाही र घटनामा संलग्नको जाहेरीसमेत लिन नसकिरहेको अवस्थामा कसरी व्यवसाय गर्ने भन्ने अन्योलमा व्यवसायी छन् । व्यावसायिक सुरक्षाको प्रत्याभूति नहुँदा निजी क्षेत्रको मनोबल कमजोर भएको र आर्थिक क्रियाकलापमै नकारात्मक असर परिरहेको छ ।

उद्यम व्यवसाय सञ्चालन नहुँदा अर्थतन्त्रमै गम्भीर समस्या उत्पन्न हुने हुँदा व्यवसायीको शान्ति सुरक्षा अपरिहार्य सर्त रहेको श्रेष्ठले बताएका छन् । व्यवसायीहरूले सरकारबाट दण्डहीनता अन्त्य गरी भविष्यमा पनि उद्यम व्यवसायीमाथि आक्रमण नहुने सुनिश्चितता चाहेका छन् ।

महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाले देशको पछिल्लो अवस्थाले अर्थतन्त्रमा नै दीर्घकालीन असर पर्ने बताए । उनले यतिबेला निजी क्षेत्र आत्मविश्वास निकै कमजोर भएको भन्दै अहिलेको अवस्थामा शान्ति सुरक्षा कायम गरी स्थायित्वतर्फ लैजान र उद्योगी व्यवसायीको मनोबल उठाउनेतर्फ सरकारको ध्यान जानुपर्ने बताए ।

घटनाका दोषीहरूमाथि जाहेरी दर्ता नलिने र कारबाहीमा उदासीनताले दण्डहीनता बढ्न गई लगानीको वातावरणलाई गम्भीर चुनौती रहेको व्यवसायीको भनाइ थियो । यसले रोजगारी सिर्जना, राजस्व संकलन, लगानी प्रवर्धन र समग्र अर्थतन्त्रमा नै दीर्घकालीन असर पार्ने देखिन्छ ।

यस्तै, महासंघमा उपाध्यक्ष हेमराज ढकालले नयाँ सरकार बनेपछि पनि व्यवसायीले अझै सुरक्षाको प्रत्याभूति गर्न नसकेको बताए । उनले भने, 'निजी क्षेत्रका व्यवसायीले यही देशमा लगानी गरेका छन् । लगानीको सुरक्षा छैन भने सरकारसमेत गम्भीर नदेखिँदा व्यवसायमा आत्मबल धेरै नै घटेको छ ।'

देशको अर्थतन्त्र र रोजगारीमा महत्वपूर्ण हिस्सा राख्ने निजी क्षेत्रमाथिको आक्रमणले उद्यमी व्यवसायी निरुत्साहित भएको भन्दै व्यवसायीले निर्वाध रूपमा काम गर्ने वातावरणसमेत नरहेको व्यवसायी बताउँछन् ।

'सार्वजनिक संस्थानको नयाँ नीति'

# व्यावसायिक, प्रतिस्पर्धी, पारदर्शी र नतिजाउन्मुख संस्थान बनाइने




**काठमाडौं/मस–** सरकारले व्यावसायिक, प्रतिस्पर्धी, जवाफदेही, पारदर्शी र नतिजाउन्मुख सार्वजनिक संस्थान बनाउने उद्देश्यका साथ नयाँ नीति ल्याएको छ । मन्त्रिपरिषद्बाट असोज १२ गते स्वीकृत गरेर सरकारले 'सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति २०८२' कार्यान्वयनमा ल्याएको हो ।

सरकारले नीतिमार्फत सार्वजनिक संस्थानको दैनिक कार्यसञ्चालनमा हस्तक्षेप नगर्ने भएको छ । सरकारका तर्फबाट निर्देशन दिनेबाहेक संस्थानको दैनिक कार्यमा हस्तक्षेप नगर्ने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ ।

नीतिअनुसार सार्वजनिक संस्थानको सञ्चालक समितिलाई स्वतन्त्र र स्वायत्त बनाउने र हाल नियमनकारी र कार्यसञ्चालनसम्बन्धी दुवै काम गरिरहेका संस्थानको कार्यलाई छुट्याइनेछ । साथै, सार्वजनिक संस्थानको समग्र निर्णय प्रक्रिया र कार्यसम्पादनमा प्रचलित कानुनको अधीनमा रही सञ्चालक समिति र व्यवस्थापनलाई पूर्ण रूपमा जिम्मेवार बनाइनेछ । कर्मचारी भर्नादेखि खरिद प्रक्रियासम्म सरकारको हस्तक्षेपका कारण समस्यामा अल्झिएका संस्थानलाई सो नीतिले स्वायत्तता र स्वतन्त्र अभ्यास गर्न सहज हुने अनुमान गरिएको छ ।

नयाँ नीतिअनुसार सरकारी स्वामित्वका सञ्चालित सार्वजनिक संस्थानलाई व्यावसायिक र रणनीतिक गरी दुई समूहमा वर्गीकरण गरिनेछ । निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने सार्वजनिक संस्था व्यावसायिक संस्थाका रूपमा वर्गीकृत गरिने नीतिमा उल्लेख छ ।

त्यस्तै, सरकारको तथा कार्यक्रम कार्यान्वयन गर्ने वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने वा निजी क्षेत्र संलग्न नभएको अत्यावश्यकीय सेवा प्रदान गर्न आवश्यक भएको संस्थालाई रणनीतिक संस्थाका रूपमा वर्गीकरण गरिने भएको छ । तर सबै प्रकारका संस्थानलाई क्रमशः कम्पनी मोडलमा परिवर्तन गर्ने सरकारको नीतिमा उल्लेख छ । साथै, निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने सार्वजनिक संस्थानको खरिद प्रक्रियालाई सरलीकृत गरिने पनि उल्लेख छ ।

सरकारले सार्वजनिक संस्थानसम्बन्धी अख्तियार गरेको नीतिले सरकारी स्वामित्वमा रहेका विभिन्न संस्थान, निगम, कम्पनीहरूको खरिद प्रक्रियामा सहजीकरण हुने भएको छ । जसले गर्दा ती संस्थानहरू चुस्त र प्रतिस्पर्धी हुन सक्ने अनुमान गरिएको छ ।

नयाँ नीतिले सार्वजनिक संस्थानको नियमनकारी तथा सञ्चालनसम्बन्धी कार्यसमेत अलगअलग गरिने भएको छ । जसले हाल सञ्चालनमा रहेका विभिन्न संस्थानहरूको संरचनामा र काममा परिवर्तन हुनेछ । सार्वजनिक संस्थानसम्बन्धी गतिशील नीतिकै अभावमा सार्वजनिक संस्थानमा सरकारले गरेको लगानीको तुलनामा प्राप्त गर्ने प्रतिफल भने न्यून छ र यो घट्दो क्रममा पनि छ ।

सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २८ वटा नाफामा छन् भने १५ वटा घाटामा रहेका छन् । सरकारी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सक्षम बनाउन यो नीति ल्याएको उल्लेख गरिएको छ ।

# 'समाज'को अध्यक्षमा गुरागाईं


**काठमाडौं/मस–** सोसाइटी फर अवेर्नेस मिडिया एन्ड जर्नलिज्म (समाज)को अध्यक्षमा आर्थिक पत्रकार रेविका गुरागाईं चयन भएकी छन् । सोमबार काठमाडौंमा भएको समाजको प्रथम साधारण सभाबाट संस्थाको अध्यक्षमा गुरागाईं चयन भएकी हुन् । यसअघि संस्थाको तदर्थ समितिको अध्यक्षमा समेत गुरागाईं नै थिइन् ।



सोमबार भएको साधारण सभाबाट सर्वसम्मत रूपमा गुरागाईं अध्यक्षमा चुनिएकी हुन् । 'समाज' आर्थिक पत्रकारहरू आबद्ध सामाजिक संस्था हो । यसले सञ्चार माध्यममार्फत सामाजिक चेतना तथा साक्षरता अभिवृद्धिका लागि काम गर्ने उद्देश्य बोकेको छ ।

साधारण सभाले पाँच सदस्यीय बोर्डसमेत गठन गरेको छ । बोर्ड उपाध्यक्षमा सरगम तामाङ चयन भएकी छन् भने महासचिवमा बालकृष्ण पौडेल चयन भएका छन् । संस्थाको बोर्ड सदस्यहरूमा सविना सुवेदी र डम्बरप्रसाद आचार्य चयन भएका छन् ।

# ३ सय विदेशी पर्यटकले गरे कञ्चनजंघा हिमाल क्षेत्र भ्रमण



**ताप्लेजुङ/मस–** पछिल्लो समय ताप्लेजुङस्थित हिमाल (पिक) आरोहण गर्न सुरुवात भएको छ । फ्रान्सेली दुई नागरिकले गत असोज महिनाको दोस्रो साता ६ हजार ८ सय ८ मिटर उचाइको 'ह्वाइट वेभ पिक' पहिलोपटक सफल आरोहण गरेका थिए । अन्नपूर्ण फुटहिल्स ट्रेक्स एन्ड एक्सपिडिसनका तेन्जी शेर्पाका अनुसार आरोहण गर्नेमा फ्रान्सेली नागरिक बेन्जामिन चार्ल्स इली वेद्रिन्स र निकोलस पाउल अरिस्टाइड छन् ।

गत साता चिलिका एक नागरिकले कञ्चनजंघा हिमालको काखमै रहेको पाथीभरा हिमालको सफल आरोहण गरेको थिए । विश्वको ३२औं अग्लो र नेपालको १५औं अग्लो कुम्भकर्ण (फक्ताङलुङ) हिमाल आरोहण गर्न फ्रान्सका तीन नागरिक सो हिमालको आधार शिविर क्षेत्रमा पुगेको पर्यटन साहयक शेर्पाले बताए । सो हिमालका उचाइ ७ हजार ७ सय १० मिटर उचाइ रहेको छ ।

२०१९ सालमा फ्रान्सका एक नागरिकले पहिलोपटक कुम्भकर्ण हिमालको सफल आरोहण गरेको बताइएको छ । पछिल्लो वर्षहरूमा यहाँका हिमाल उत्साहका साथ आरोहण गर्न थालिएका छन् । गत वर्षको कात्तिकमा चार जना दक्षिण कोरियन नागरिकले ६ हजार ३ सय २८ मिटर उचाइमा रहेको सार्फु-५ हिमालको पहिलोपटक सफल आरोहण गरेका थिए ।

गत वर्षको चैतमा सार्फु-४ हिमालमा पहिलोपटक आरोहण गरिएको थियो । चिलिका एक नागरिक हर्नान लिल, पर्वतारोही लाक्पाछिरिङ शेर्पा, नादा शेर्पा र फोटोग्राफर पूर्णिमा श्रेष्ठले ६ हजार ४ सय ३३ मिटर उचाइका सार्फु-४ हिमालको पहिलोपटक आरोहण गर्न सफल भएका थिए ।



## Shikhar Municipality
## Office of Municipal Executive
**Talkot, Doti**
**Sudurpashchim, Nepal**

## Invitation for Bids

**First Date of publication: 2082/07/11 (2025/10/28)**

Shikhar Municipality, Office of Municipal Executive Invites Electronics Bids Form eligible bidders for the different construction work under National Competitive Bidding.

| S. N. | Contract No. | Description of Works | Estimate Amount (Without VAT & PS) | Bid document fee (Nrs.) | Bid security Amount (Nrs.) | Bid Submission Deadline | Bid validity/ Bid Security Period | Average Annual Turnover (Nrs.) | Specific Experience Requirement |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SMDOTI/ NCB/W/ 01/2082/083 | Upgrading Works of Kalagad-Chhadimandu Road. | | 5,000.00 | 14,00,000.00 | 12:00 PM on 27th Nov. 2025 | 90 days | 41.43 million | As stated in Section III: EQC of Bid Document |
| 2 | SMDOTI/ NCB/W/ 02/2082/083 | Construction of Harihar Secondary School Building Shikhar, 6, Doti | 85,70,344.25 | 3,000.00 | 2,15,000.00 | | 90 days | | |
| 3 | SMDOTI/ NCB/W/ 03/2082/083 | Construction Works of Kedareshwor Secondary School Hostel Building. | 46,30,049.14 | 3,000.00 | 1,16,000.00 | | 90 days | | |

For Further information, Visit Shikhar Municipality, Office of Municipal Executive or PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**